## शुभकामना




नयाँ वर्ष २०८० को सुअवसरमा हाम्रा सम्पूर्ण पाठक तथा ग्राहकवर्ग, विज्ञापनदाता एवं समस्त देशवासीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ग्रेटर नेपाल साप्ताहिक परिवार



जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी

(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)

Greater Nepal National Weekly

राष्ट्रिय साप्ताहिक


## सिंहदरबारमै फोहोरको डंगुर

काठमाडौं । काठमाडौं महानगरले अझै सिंहदरबारको फाहोर उठाएको छैन । महानगर प्रमुख बालेन शाहको निर्देशनका कारण बिहीबार पनि सिंहदरबारको फोहोर उठेको छैन । सिंहदरबारसँगै प्रधानमन्त्री निवास बालुवाटार र राष्ट्रपति भवन शीतलनिवासको फोहोर पनि आइतबारदेखि नै उठेको छैन ।

बालेनले शनिबार बिहान सामाजिक सञ्जालमा स्ट्याटस लेख्दै सिंहदरबारको फोहोर नउठ्ने घोषणा गरेका थिए । महानगरका प्रवक्ता नवीन मानन्धरले सरकारले वार्ता गर्न नबोलाएसम्म फोहोर सिंहदरबारबाट नउठ्ने बताए । उनले भने- 'जबसम्म सरकारले वार्ता गर्न बोलाउँदैन हामीले फोहोर उठाउने काम रोक्छौं ।'


वर्ष ११ अंक १, २०८० साल वैशाख १ गते शुक्रबार, नेपाल संवत् ११४३ (April. 14, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–


# उपनिर्वाचन : दलहरूको प्रतिष्ठाको लडाइँ



काठमाडौं । आगामी वैशाख १० गते प्रतिनिधिसभाको तीन क्षेत्रमा हुन लागेको उपनिर्वाचनलाई राजनीतिक दलहरूले प्रतिष्ठाको विषय बनाएका छन् । तनहुँ–१, चितवन–२ र बारा–२ मा उपनिर्वाचन हुन लागेको हो । निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि मतपत्र छपाइको काम समेत सकेको जनाएको छ । मधेस प्रदेशको क्षेत्र नं. २, वाग्मती प्रदेशको चितवन क्षेत्र नं. २ र गण्डकी प्रदेशको क्षेत्र नं. १ मा हुने उपनिर्वाचनका लागि कुल ३ लाख ९० हजार थान मतपत्र छापिएको हो । ती मतपत्र आवश्यक सुरक्षा प्रबन्धसहित सम्बन्धित निर्वाचन क्षेत्रका लागि ढुवानी सुरु गरिएको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचन आयोगको अद्यावधिक विवरणअनुसार बारा २ मा १ लाख ५ हजार २ सय ४८, चितवन २ मा १ लाख २४ हजार ६ सय ९५ र तनहुँ १ मा १ लाख २३ हजार ३ सय ५ मतदाता कायम भएका छन् । उपनिर्वाचनका लागि कुल ६७ जना उम्मेदवारले उम्मेदवारी दिएका छन् । आयोगको प्रणालीमा प्रबिष्ट भएको विवरणअनुसार बारा क्षेत्र नं.२ मा ३४, तनहुँ क्षेत्र नं. १ मा ९ र चितवन क्षेत्र नं. २ मा २४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । राष्ट्रिय राजनीतिलाई नै तरंगित बनाइरहेको उपनिर्वाचनमा मुख्य गरी कांग्रेस, एमाले र जसपालाई अस्तित्व जोगाउने चुनौती छ ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि तनहुँ १ मा उपनिर्वाचन हुन लागेको हो । यस क्षेत्रमा कांग्रेस, एमाले र रास्वपाबीच मुख्य प्रतिस्पर्धा हुने देखिन्छ । कांग्रेसले नेविसंघका पूर्वअध्यक्ष गोविन्द भट्टराईलाई प्रतिस्पर्धामा उतारेको छ । एमालेले पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई पुनः उम्मेदवार बनाएको छ । खनाल मंसिर ४ को निर्वाचनमा काठमाडौं क्षेत्र नं. ६ बाट प्रतिनिधिसभा सदस्यको एमाले एमाले उम्मेदवार बनेका थिए । उनलाई राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शिशिर खनालले पराजित गरेका थिए । सर्वेन्द्र खनालको पुर्ख्यौली थलो तनहुँ नै भएकाले एमालेले उनलाई दोहोर्‍याएर उम्मेदवर बनाएको हो । दुई साता अघि मात्र कांग्रेस पार्टी त्यागेका डा. स्वर्णिम वाग्ले राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेर उम्मेदवार बनेका हुन् । देउवा–भारजु गुटले वाग्लेलाई टिकट नदिने बुझेपछि उनले कांग्रेससँग नै पारपाचुके गरेका हुन् ।

मंसिर ४ को निर्वाचनमा वाग्लेले चितवनबाट उम्मेदवार बन्ने प्रयास गरेका थिए । तर देउवा–आरजु गुटले उनलाई उम्मेदवार बनाउन चाहेन । विस्तारै वाग्लेमा कांग्रेसप्रति नै वितृष्णा बढ्दै गयो । कांग्रेसमा आफ्नो भविष्य नदेखेपछि वैकल्पिक राजनीतिक शक्तिका रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी उनको रोजाइमा परेको हो । वाग्ले अर्थविद्का रुपमा परिचित छन् । वाग्लेको उम्मेदवारीले कांग्रेस उम्मेदवार गोविन्द भट्टराईलाई छायामा पार्दै लगेको छ । तनहुँका पुराना कांग्रेस नेता गोविन्दराज जोशी समेत वर्तमान कांग्रेस नेतृत्वसँग असन्तुष्ट रहेकाले उनको समूहले वाग्लेलाई सघाउने देखिन्छ । तनहुँ १ के भन्छ– स्वर्णिमलाई ल्याउ भन्छ, अर्थतन्त्र के भन्छ– स्वर्णिमलाई ल्याउ भन्छ– नाराले वाग्लेको उम्मेदवारी कांग्रेस र एमाले उम्मेदवारका लागि निकै भारी परेको स्थानीयबासीहरू बताउँछन् । वाग्लेको पक्षमा कलाकारहरूले गीतहरूबाट समेत माहौल बनाइरहेका छन् भने विदेशमा श्रम गर्ने युवाहरूले आफन्तहरूलाई घन्टीमा मतदान गर्न आग्रह गरिरहेका छन् । वाग्ले यसअघि राष्ट्रिय योजना आयोगको सदस्य र पछि उपाध्यक्ष समेत रहेका थिए ।

गत असार महिनामा गठित राष्ट्रिय स्वतन्त्र पार्टीले गत मंसिर ४ को निर्वाचनमा उल्लेख्य सिट जितेर राष्ट्रिय राजनीतिमा हलचल पैदा गराइसकेको छ । यसबीच संसद र सरकारमा समेत सहभागी भएको रास्वपाको जनाधार मापन गर्ने आधारका रुपमा चितवन २ को निर्वाचनलाई हेरिएको छ । रास्वपा सभापति रवि लामिछाने नागरिकता विवादमा सर्वोच्च अदालतले सांसद पद खारेज गरिदिएपछि चितवन २ रिक्त भएको हो । कांग्रेस र एमालेले यसअघि लामिछानेसँग प्रतिस्पर्धा गरेका उम्मेदवारलाई टिकट नदिएर नयाँ अनुहारलाई अघि सारेका छन् । कांग्रेसले पूर्व जिल्ला सभापति जितनारायण श्रेष्ठ र एमालेले रामप्रसाद न्यौपानेलाई उम्मेदवर बनाएका छन् । श्रेष्ठ सत्ता गठबन्धनका साझा उम्मेदवार हुन् । माओवादी केन्द्रले भने तीनवटै क्षेत्रमा उम्मेदवार उठाएको छैन । चितवन २ र तनहुँ १ मा **बाँकी ८ पेजमा**

## डढेलोले बढ्यो वायु प्रदूषण



काठमाडौं । पछिल्लो केही दिन यतादेखि डढेलोका कारण काठमाडौं उपत्यकासहित देशका धेरै ठाउँमा वायु प्रदूषण उच्च हुन थालेको छ । डढेलोका कारण उपत्यकाको वायुमण्डलमा दूषित हावा थुप्रिएको वन तथा वातावरण विभागले जनाएको छ ।

पश्चिमी क्षेत्रबाट प्रदुषित हावा उपत्यका आउँदा यहाँको मौसम खासै खुल्न सकेको छैन । विभागका महानिर्देशक शिवलाल तिवारीले जारी गरेको प्रेस विज्ञप्तिमा बारा, पर्सा, चितवनलगायत देशभरका एक सय ४० स्थानमा लागेको डढेलोका कारण काठमाडौं उपत्यकासहित देशको मध्य तथा पूर्वी भागमा वायुको प्रदुषण अत्यधिक बढेको पाइएको छ । प्रदुषण बिहान र बेलुकी अत्यधिक बढेको छ ।

**बाँकी ८ पेजमा**

## प्रहरीमा डीआईजी बढुवाको तयारी




काठमाडौं । नेपाल प्रहरीका १३ जना प्रहरी वरिष्ठ उपरीक्षकहरू बुधवार प्रहरी नायव महानिरीक्षक (डीआईजी)मा बढुवा सिफारिस भए । बढुवा समितिले गरेको सिफारिस अनुसार एकहप्ता पुरा भएपछि गृहमन्त्रीले डीआईजी बढुवाको निर्णय गर्नुपर्ने कानुनी व्यवस्था छ । नायव महानिरीक्षकमा बढुवा सिफारिससँगै प्रहरी वरिष्ठ उपरीक्षकमा बढुवा गर्ने बाटो खुलेको छ । डीआईजी बढुवा सिफारिस भएसँगै १६ जनालाई प्रहरी वरिष्ठ उपरीक्षकमा बढुवा गर्न मिल्छ ।

निवर्तमान आईजीपी धिरजप्रताप सिंहसँगै उनका ब्याचमेट उमाशंकर पञ्जियार र जनकराज पाण्डे एसएसपीबाट अवकाशमा गएका थिए । त्यसअघि एसएसपी लोकेन्द्र श्रेष्ठको अवकाश भएकाले रिक्त पदसंख्या १६ पुगेको प्रहरी प्रधान कार्यालयका एकजना अधिकृतले रातोपाटीलाई बताए । एसएसपीमा बढुवा हुन २०७५ जेठ २९ मा प्रहरी उपरीक्षक (एसपी) भएका अधिकृतहरू प्रतिस्पर्धामा छन् । गृह मन्त्रालयले एसएसपी बढुवाको तयारी थालेको छ । एसएसपी बढुवा समितिको अध्यक्ष गृह मन्त्रालयका सचिव हुन्छन् । प्रहरी महानिरीक्षक सदस्य र मानव श्रोत विकास विभागका प्रहरी अतिरिक्त महानिरीक्षक बढुवा समितिमा सदस्य-सचिव हुन्छन् ।

एसएसपी बढुवाको मेरिट लिस्टमा सबैभन्दा माथि विमल बस्नेत छन् । राष्ट्रिय अनुसन्धानबाट प्रहरीमा आएका बस्नेत २०७४ मा प्रहरी उपरीक्षक भएका हुन् । बढुवाको प्रतिस्पर्धामा विश्व अधिकारी, सानुराम भट्टराई, ओमप्रसाद अधिकारी, विश्वमणि पोखरेल, शेखर खनाल, अविनारायण काफ्ले र सोमेन्द्रसिंह राठौर अगाडि छन् । उनीहरू २०७५ जेठ २९ मा एसपीमा बढुवा भएका थिए ।

२०७५ जेठमै प्रहरी उपरीक्षक भएका मुकुन्द मरासिनी, कृष्णबहादुर पल्लीमगर, भूपेन्द्र खत्री, गङ्गा पन्त, गोपालचन्द्र भट्टराई, रवि पौडेल, बेलबहादुर पाण्डे, दिपशमशेर जबरा, नविनराज राई, तारादेवी थापा, आभूषण तिम्सिना, प्रवीण पोखरेल, प्रज्वल महर्जन र वसन्त रजौरे बढुवाको लाइनमा छन् । २०७५ फागुन ७ मा एसपी भएका अधिकृतहरू पनि बढुवा हुने दौडमा छन् । पछिल्लो लटका रमेश बस्नेत, श्यामकृष्ण अधिकारी र **बाँकी ८ पेजमा**

## पूर्वाञ्चल विश्वविद्यालयमा तालाबन्दी

काठमाडौं । पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति र रजिस्ट्रार कार्यकक्षसहित सेवा आयोगको कार्यालयमा मंसिर १ मा लागेको ताला नखुल्दै प्राध्यापक संघले तीन दिनअघि विश्वविद्यालयको केन्द्रीय कार्यालयका सबै निकायमा तालाबन्दी गरेको छ।

सेवा आयोगले पदपूर्तिका लागि खोलेको विज्ञापन स्थगित गर्नुपर्ने माग गर्दै विभिन्न **बाँकी ८ पेजमा**

## चीनबाट भित्रियो विस्फोटक पदार्थ

काठमाडौं । भारतले चिनियाँ कम्पनी संलग्न आयोजनालाई विस्फोटक पदार्थ आयातको अनुमति नदिएपछि व्यवसायीले चीनबाट ल्याउन थालेका छन्। चीनको ल्हासाबाट पहिलो पटक ९० टन विस्फोटक पदार्थ आएको हो। व्यवसायीले होङ्सी शिवम् सिमेन्ट र ७८ मेगावाटको **बाँकी ८ पेजमा**

## रेमिट्यान्स बढ्यो

काठमाडौं । रेमिट्यान्स आप्रवाहमा निरन्तर वृद्धि भएको र आयात केही मात्रामा घटेपछि अर्थतन्त्रका बाह्य सूचकमा सुधार देखिएको छ। राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको साउनदेखि फागुनसम्मको वित्तीय विवरणअनुसार मासिक औसत ९९ अर्ब २५ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ।

फागुनमा मात्रै १ खर्ब ४ अर्ब रुपैयाँ बराबर रेमिट्यान्स भित्रिएको छ। साउनदेखि फागुनसम्म कुल ७ खर्ब ९४ अर्ब ३२ करोड रुपैयाँ बराबर रेमिट्यान्स भित्रिएको हो। यो रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा २५.३ प्रतिशत बढी हो। अमेरिकी डलरमा भने यो आर्थिक वर्षको ८ महिनामा रेमिट्यान्स आप्रवाह १४.८ प्रतिशतले बढेर ६ अर्ब ९ करोड अमेरिकी डलर पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह नेपाली रुपैयाँमा १.३ प्रतिशतले घटेको **बाँकी ८ पेजमा**

## बैंकर्स संघले घटायो ब्याजदर

काठमाडौं । वाणिज्य बैंकहरूले वैशाखदेखि लागू हुने गरी निक्षेपको ब्याजदर घटाएका छन्। नेपाल बैंकर्स संघको बुधबार बसेको बैठकले मुद्दती तथा बचत खाताको ब्याजदर घटाउने निर्णय गरेको हो। संघको नयाँ निर्णयपछि ग्राहकले बैंकबाट पाउने ब्याजदर एकल अंक (१० प्रतिशतभन्दा कम) मा झर्ने भएको छ। व्यक्तिगत मुद्दती खातामा बैंकले वैशाखदेखि अधिकतम ९.९९ प्रतिशतसम्म ब्याज दिने भएका छन्। गत पुस मसान्तसम्म व्यक्तिगत मुद्दती खातामा अधिकतम १२.१३३ प्रतिशतसम्म ब्याज दिँदै आएका वाणिज्य बैंकहरूले **बाँकी ८ पेजमा**

## कोरोना संक्रमित बढे



काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरसको संक्रमणले बढदै गएपछि विभिन्न अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिएको छ । दैनिकरुपमा कोरोना भाइरसको संक्रमितको संख्या बढदै गएपछि सबै अस्पताललाई तयारी अवस्थामा रहन मन्त्रालयले निर्देशन दिएको हो । भारतमा कोरोना भाइरसको देखिएको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि १.१६ पछिल्लो समय नेपालमा पनि देखिन थालेको छ ।

मन्त्रालयको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले अहिले देखा परेको भेरियन्ट संक्रामक रहेकाले अस्पताललाई तयारी **बाँकी ८ पेजमा**

## संकटमा राष्ट्रिय गौरवका आयोजना

**समय सन्दर्भ**


**सुस्मिता राणा**




काठमाडौं । सरकारले उच्च प्राथमिकतामा राखेका राष्ट्रिय गौरवका आयोजना निर्माणको गति हेर्दा धेरै आयोजना निर्माणसम्पन्न हुन दशकौं लाग्ने देखिएको छ। एक दशकअघि निर्माण सुरु भएका धेरै आयोजनाको भौतिक प्रगति अझै पनि ५० प्रतिशतभन्दा कम छ। आयोजनाहरूको भौतिक प्रगति हेर्दा अझै अर्को दशक पार गर्दा पनि निर्माणसम्पन्न हुने छाँटकाँट देखिँदैन।

सरकारले आर्थिक वर्ष २०६८/०६९ मा विभिन्न १७ वटा आयोजनालाई उच्च प्राथमिकतामा राखेर अगाडि बढेको थियो। तर अहिलेसम्म माथिल्लो तामाकोशी, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाहेकका आयोजना सम्पन्न हुनसकेका देखिँदैनन्। यसमध्ये पनि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालनमा आउनसकेका छैनन्। केही एकाध आयोजना मात्रै निर्माणसम्पन्नको नजिक पुगेको देखिन्छ। गौरवका आयोजनामध्ये मेलम्ची खानेपानी आयोजनाको निर्माणकार्य अन्तिम चरणमा पुग्दै गर्दा मेलम्चीमा आएको लेदोसहितको बाढीले आयोजनालाई अनिश्चित बनाइदिएको छ।

अहिले सरकारले घोषणा गरेका गौरवका आयोजनाको संख्या नै २४ वटा पुगेको छ। तर दशकौं समय पूरा हुँदा पनि आयोजना निर्माणसम्पन्न हुन नसक्ने स्थितिको अन्त्य हुन सकेको छैनन्। आयोजनाहरूको हालसम्मको भौतिक तथा वित्तीय प्रगति निराशाजनक देखिन्छ। राष्ट्रिय योजना आयोगका अनुसार झण्डै चार दशक पार गर्न लागेको बबई सिँचाइ आयोजना, सिक्टा सिँचाइ, रानीजमरा कुलरिया, सुनकोशी मरिण डाइभर्सन, महाकाली सिँचाइ, भेरी बबईलगायत आयोजनाहरूको भौतिक तथा वित्तीय प्रगति निराशाजनक रहेको छ। अधिकांश राष्ट्रिय गौरवका आयोजनाहरूले दशकको समय बिताए पनि प्रगति सन्तोषजनक छैन।

आयोगका अनुसार सिक्टा सिँचाइ आर्थिक वर्ष २०६१/०६२, बबई सिँचाइ आर्थिक वर्ष २०४५/०४६, रानीजमरा कुलरिया सिँचाइ आयोजना आर्थिक वर्ष २०६७/०६८, सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना आर्थिक वर्ष २०७३/०७४, महाकाली सिँचाइ आयोजना आर्थिक वर्ष २०६३/०६४, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना आर्थिक वर्ष २०६८/०६९, बूढीगण्डकी जलविद्युत् आयोजना आर्थिक वर्ष २०६९/०७० मा निर्माण सुरु गरिएको थियो। यस्तै विद्युत् प्रसारण **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि

**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**संवाददाता**
**रामशरण रिमाल**

**सहायक सम्पादक/संवाददाता**
**गोविन्द विक**

**आजीवन सल्लाहकार**

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# निर्णय कार्यान्वयन होस्

गत मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले विदेशबाट आयात हुने कृषि उपजको विषादी तथा गुणस्तर परीक्षण गर्ने जुन निर्णय गरेको छ, त्यो स्वागतयोग्य छ । तरकारी, फलफूल, खाद्यान्न, तेलहन लगायत सबै कृषि उपजहरू नै हुन् । स्वदेशमा उत्पादित कृषि उपजको पनि विषादी र गुणस्तर परीक्षण गर्ने सरकारी निर्णयले जथाभावी तरकारी र फलफूलमा विषादी प्रयोग गर्ने कृषकहरूको आचरणमा समेत सुधार हुने अपेक्षा गर्न सकिन्छ । विशेषतः रोग तथा कीरा नियन्त्रणका लागि तरकारी बालीमा विषादी प्रयोग गर्ने प्रचलन छ । नेपाल र भारतका तरकारी बालीहरूमा तीस प्रकारका विषादीहरू प्रयोग हुने गरेको पाइन्छ । तरकारी तथा फलफूल उत्पादन गर्दा विषादी विल्कुलै नहाल्ने भन्ने होइन । कीराहरूबाट जोगाउन विषादी प्रयोग अनिवार्य नै छ । तर कुन विषादी कति मात्रामा प्रयोग गर्ने ? विषादी प्रयोग भएका फलफूल, तरकारीहरू कति दिनपछि मात्र खानयोग्य हुने भन्ने ज्ञान सामान्य किसानहरूमा छैन । ज्ञान भएका किसानहरूले पनि विषादी प्रयोगमा बेपत्तासँग लापर्बाही गर्ने गरेका छन् । जसले उपभोक्ताहरूको स्वास्थ्यमाथि गम्भीर खेलबाड भइरहेको छ ।

विषादीको परीक्षण गर्न नागरिक उपभोक्ता मञ्चलगायतका सरोकारवाला संस्थाहरूले सरकारसँग धेरै पहिलेदेखि नै माग गर्दै आएका हुन् । ०७६ सालमा तत्कालीन कृषिमन्त्री चक्रपाणी खनालले मन्त्रिपरिषद्बाट आयातीत तरकारी, फलफूलमा विषादी परीक्षण गर्ने निर्णय गराएका थिए । भारतीय कृषि व्यापारीहरूले त्यसको चर्को विरोध गरे । भारतीय राजदुतले पत्र नै लेखेर सरकारको सो निर्णय फिर्ता लिन दबाब मात्र दिएनन् खनालको कृषिमन्त्रीको जागिर नै चट भयो । भारतीय राजदुतले बालुवाटार पुगेर विषादी परीक्षण नरोके नेपाल भारत सम्बन्ध नै बिग्रने चेतावनी दिए । भारतीय राजदुतको चेतावनीपछि प्रधानमन्त्री ओलीले विषादी परीक्षणका लागि अहिले पूर्वाधार तयार नभएको भन्दै मातहतका निकायलाई विषादी परीक्षण नगर्न निर्देशन दिए । विषादी परीक्षणका लागि १२ देखि २४ घन्टा समय लाग्छ । त्यो समयसम्म कतिपय तरकारी बिग्रने र बासी हुने भएकाले आफ्ना किसान मर्कामा पर्ने भनाइ भारतीय पक्षको रहँदै आएको छ । भारतमा किसानलाई विभिन्न अनुदान सरकारले दिने गरेको कारण भारतीय तरकारीहरू नेपाली तरकारीहरूभन्दा सस्तो भने पर्छ । भारतीय तरकारीको मूल्यसँग नेपाली किसानहरूले प्रतिस्पर्धा गर्न सक्दैनन् । यही कारण केही महिनाअघि चितवन र नवलपरासीका किसानहरूले सडकमा तरकारी फालेर विरोध जनाएका थिए । भारतीय तरकारीहरूको आयात रोक्नुपर्ने उनीहरूको माग थियो र छ ।

एक देशबाट अर्को देशमा कृषि उपज आपूर्ति हुन्छ । अनिवार्य चेकजाँच गर्नुपर्ने प्रावधान सबै मुलुकहरूमा छ । यस्तो चेकजाँच गर्ने निकायलाई क्वारेन्टाइन भनिन्छ । नेपालको कृषि उपजलाई विभिन्न परीक्षण नगरी भारतले आयात गर्दैन । अलैंची, चिया, अदुवा लगायतका नेपाली कृषि उपजलाई विषादी प्रयोग, गुणस्तरहीन भन्दै भारतले पटक पटक आयात रोकेर नेपाली किसानहरूलाई दुःख दिँदै आएको छ । कहिलेकाहीँ त अम्लिसो कुँचो समेत भारत छिर्न दिँदैन । पाम आयलमा पनि निहुँ झिक्ने गरेको छ । तर भारतले फर्मालिन छर्किएका मरेका माछा, कुखुरा, अन्डादेखि विषादी मिश्रित केरा, सुन्तला, स्याउ, करेला, आलु, भन्टा, काउली, गोलभैंडा लगायतका फलफूल र तरकारी बिना परीक्षण निर्वाध रूपले नेपाली बजारमा धकेलिरहेको छ । नेपाली किसानहरूले उत्पादन गरेका फलफूल, तरकारी बारीमै सड्ने गरेका छन् । भारतले बर्सेनि ८० अर्ब रूपैयाँको तरकारी निर्यात गरिरहेको तथ्यांक छ । विषादी परीक्षण कार्यान्वयन भए भारतीय विषाक्त तरकारी फलफूलको बिगबिगी अवश्य कम हुनेछ ।

# रविको छ्वी राम्रै प्रष्टिएन त ?



**सुरेन्द्र ढकाल**

रविले चुनाव जितेर मन्त्री बन्नेबित्तिकै मैले भविष्यवाणी गरेको थिएँ त्यो पद




उसका लागि मुतको न्यानो हुनेछ भनेर । नभन्दै त्यस्तै भयो । खोला तरेपछि लौरो बिर्सनेको हविगत जस्तो हुनुपर्थ्यो त्यस्तै भयो । मैले निकै राष्ट्रवादी पत्रकार भनेर उसलाई मेरो सम्पादन र प्रकाशनमा निस्कने ग्रेटर नेपाल साप्ताहिकको दोस्रो वार्षिकोत्सवमा दोसल्ला ओढाएर सम्मान गरेको थिएँ तर उसले गुनको बदला राम्रैसँग लियो । मेरो विपक्षमा पुकार बम भन्ने केटोलाई उठाएर । त्यसो गर्दा आफू बेइमान भएको उसले हेक्का राखेन । त्यसैले फल पनि छिट्टै मिल्यो अदालतले दोषी ठहऱ्याउँदै उसको उपप्रधान तथा गृहमन्त्री खोसिदियो । उसकै बेइमानको कारण करोडौं रुपैयाँ राष्ट्रको ढुकुटी बाट खर्च गरेर चितवनमा पुनः चुनाव गर्नुपर्ने अवस्था आयो । निर्वाचन आयोग र अदालतले राष्ट्रिय ढुकुटीको दोहन गर्दै फेरि विजिनेस पाउने लक्षण देखियो । किनभने विदेशी नागरिकता वा विदेशको स्थायी अनुमती त्यागेको ३ महिना भुक्तानी नहोउञ्जेल निर्वाचनमा उम्मेदवार बन्न पाइँदैन भनेर नेपालको संविधानमा स्पष्ट व्यवस्था भएको छ ।

के रविले अमेरिकी नागरिकता त्यागेको ३ महिना व्यतित भइसक्यो त ? अर्को कुरा मन्त्री बन्नका लागि दुर्गा प्रसाइँसँग रविकै पार्टीका अर्का सांसद ढाका श्रेष्ठले २ करोडको घूस मागेको अडियो सार्वजनिक हुनुले रविको छ्वी पुनः धमिलिन गएको छ । श्रेष्ठलाई मात्रै कारवाही गरेर रविलाई चोख्याउन अवश्य नै सकिदैन होला । किनकी एउटा उदाउँदो पार्टीको अति नै







लोकप्रिय भनिएको केन्द्रीय नेतालाई पत्तो नदिइ एक्लैले त्यति ठूलो रकम ढाकाले घूस मागे होलान् भनेर सजिलै विश्वास गर्न सकिदैन । फेरि संसदीय चुनाव न हो त्यहाँ जसरी भए पनि पैसाको जोहो नगरिकन चुनाव जितेला भनेर कसैले नसोचे हुन्छ ।

लाखौंको संख्यामा झोले कार्यकर्ता भएका दलहरूलाई त चुनावका लागि करोडौं खर्च गर्नुपर्ने बाध्यता छ भने रविका कार्यकर्ताहरूले भोकभोकै खटिएर नानीमैयाको मोडेलमा आफ्नो दललाई चुनाव जिताएको त अवश्यै होइन होला ? होइन भने अब रविको दल पुराना दलहरूभन्दा कुन चाहिँ कुरामा फरक भयो त ? कमाएको सम्पत्ती जाँच गर्ने हो भने कृष्णप्रसाद भट्टराई र मनमोहन अधिकारीबाहेक २०४६ पछिका झण्डै सबैजसो प्रधानमन्त्री र मन्त्रीहरूलाई भ्रष्टाचार र कमिसनको दोषी ठहराउन सकिन्छ । सो गर्छु भनेर रवि र उसको दल चुनावमा होमिएको हो कि होइन ? हो भने किन र कसरी बाहिरियो ढाकाको अडियो ? पार्टीले ढाकालाई डांका घोषित गरी पार्टी र सांसद पदबाट निकालिसक्यो भनेर भन्दैमा रवि चोखिएलान त अब ? उनको छ्वि राम्रै प्रष्टियन त ?

# नेपालको सार्वभौमिकता र जनताका कुण्ठाहरू



**जगदीश लामिछाने**
रौतहट, पौराई

कुनै पनि देशको प्राण त्यो देशको माटो हो । माटो नै भूमि हुँदै हो । त्यहाँ बसेर त्यसमा श्रद्धा गर्नेलाई मात्र माटोले माया गर्छ । त्यो माटोकै प्रतीक सूर्य चन्द्रांकित झन्डा मानिन्छ । हो त्यही माटो अर्कै झन्डाले मेरो भन्छ भने त्यहाँ कुरा मिल्ने कुरै भएन । कुनै पनि देशको छिमेकीसँग राय नमिल्ने यसै कुराले हो । एउटा मेरो झन्डा अन्तर्गतको माटो भन्छ, अर्कोले मेरो झन्डाअन्तर्गत हो भन्दा रगतका खोला संसारमा बगेका छन् । हाम्रो त्यो दिन नआओस् भन्नुपर्छ । तर आफ्ना उपर छिमेकी अंग्रेज र उत्तरको चाप नेपालले सदैव खेप्नु परेको छ । यही नेपाली सार्वभौमिकता शक्ति धन्य हो । त्यही राष्ट्रियता पनि हो ।

आफ्नो स्वदेशको सार्वभौमिकतामा इमानदार भइयो भने मान्छे दुब्लै भए पनि गरिबै भए पनि र रोगी भए पनि भित्र हृदयमा सन्तोष मानी बस्छ । आफूलाई गर्व मानिरहन्छ । नेपाल अंग्रेज युद्ध इ.सं. १८१४-१६ मा भएपछि यही शक्तिले त्यो गुमेको भूभाग कहिले उसको नमाने पनि सहेर बसेको थियो । इ.सं. १९४७ मा अंग्रेज गएपछि त्यो भूभाग मागेको माग्यै छ । विपक्षीले नदिने जाल गर्न पनि सकेको छैन । फिर्ता दिएको पनि छैन ।

नेपालले यसैगरी दुःखका वर्ष बिताएको छ । सार्वभौमिकताको रक्षाका लागि यही इमानदारिताको उपयोग राष्ट्रवादी स्वर्गीय श्री ५ महेन्द्र र श्री ५ वीरेन्द्रले गरेरै नेपाली वामपन्थी दलहरूलाई संरक्षण गरेका हुन् । बरु तिनै वामपन्थी दलहरू भने देशभित्रका कुण्ठाहरू उपयोग गरी आन्दोलन गर्दारहेछन् ।

यी कुण्ठा बेग्लै हुन् । देशको सार्वभौमिकता प्रमुख हुने नै भयो । भारतकै मतदाता नेपालमा इन्दिरा गान्धीले भर्छु भनेको धेरै भयो । हाम्रा नेताले उतै सहयोग गर्नेलाई कसरी नेता भन्ने हो ?

यसै पनि जनताको दैनिक समस्या कुण्ठा हुने नै भए । कुण्ठामा मान्छे भित्रभित्रै रोइरहेको हुन्छ । मौका पाएपछि त्यो कुण्ठा बाहिर निस्कनु नै आन्दोलन भन्ने



गरिन्छ । प्रजातन्त्र प्राप्ति कुण्ठा नै हुन्, शासन व्यवस्था फेरबदल पनि कुण्ठाकै उपचार पद्धति हो । पहिलो पटक प्रजातन्त्रवादीका नाममा विदेशमा स्थापनाकालका भाषणहरूमा विश्वेश्वरको विदेशी पक्ष लाग्ने भाषणका कारणले र पछिल्लो पटक चाहिँ वामपन्थी माओवादी नामकै दलले नेपालको सार्वभौमिकताको महत्व नबुझी हचुवाका भरमा विदेश नियन्त्रित काम गर्दा सार्वभौमिकतामा चोट परेकाले नेताहरूले दुःख पाएका हुन् । जनताले यो महत्व बुझेरै माओवादीलाई नै पाठ पढाइदिए । यसो भन्दैमा देशमा कुण्ठा छैनन भन्ने होइन । ती कुण्ठाहरू रहन दिएर त वि.सं. १९८७, १९९७, २००४ र २००७ सम्म कुण्ठाहरू प्रकट मात्र थिए भने २००७ पछि कुण्ठा र देशको सार्वभौमिकतातर्फ उभयमुखी सचेतपना नेपालीमा पलाएको हेर्न गाह्रो छैन । यही दृष्टिकोणमा राणा, शाह र नेपाली जनता समान रुपमा सचेत भएको बुझ्नेलाई श्रीखण्ड नै छ । बुझ पचाउनेले जे पनि भन्नु हुन्न । अझै नेपाली जनता आफ्नो सार्वभौमिकता बुझ्दैनन् भन्ने लाग्छ भने त्यो नेताको महाभूल हो । यो देश विदेशीहरूबाट भरिँदै जान दिनु नेताहरूकै अपराध मान्नै पर्छ ।

कैयौं प्रयास गर्दागर्दै कैयौं कोसिस सरकार तथा जनताले मिलेर गर्दागर्दै सार्वभौमिकताको पहाड जस्ताको तस्तै छ । समस्या उज्यालिँदै छ । कानुनी, नैतिक र सामाजिक रुपमा नेपाल अगाडि नै छ । दोधारेहरू पन्छँदै छन् नेपाल हाम्रै हो । विदेशको बाबुको बिर्ता र आमाको दाइजो होइन भन्ने घामजस्तै प्रस्ट भएको छ र यसमा काम गर्ने संस्था पनि धेरै भइसके । अब चाहिँ कुण्ठाहरू मात्र देखाउन केही दोधारेहरू लागि परेका छन् । कुण्ठाहरूको उपचार अनिवार्य रुपमा गर्नुपर्ने हो भनी भर्खरै छिमेकी भारतमा उदीयमान नरेन्द्र मोदीको पार्टीलाई केजरीवालले जनताको आर्थिक कुण्ठाको पाठ पढाइदिए । हामीले महात्मा गान्धीको प्रजातन्त्रको मन्त्र सुनेरै २००४ सालमा श्री ३ पद्मशमशेरमार्फत घरेलु उद्योगमा आफ्नै तुलसीमेहरलाई सक्रिय गराएकै हौं र २००७ मा सर्वपक्षीय सरकार बनाएपछि मात्र जनचाहना बुझ्न नसक्दा कुण्ठाहरू थन्किएर बसेका हुन् । त्यसपछि धेरै समय सत्तामा बसेको सरकारले जनताका निम्न कुण्ठा याद नगर्नाले समस्याहरू रहिरहेका हुन् । अब यी कुण्ठाहरूको याद यो सरकारले गर्न सुरु गरेमा लोकप्रियता प्राप्त गर्ने नै छ ।

(१) विदेशमा पुँजी र प्रतिभा पलायन : उसबखत भारतमा मात्र पलायन हुने पुँजी अब प्रतिभासहित लिएर युरोप अमेरिका पनि जान लागेको छ । कानुनी र व्यावहारिक छेकवार तुरुन्त चाहियो भन्ने छिमेकी भारतीय नेता केजरीवालबाट समेत सिक्नु राम्रो होला ।

(२) विदेश पोस्ने यातायात साधनमा नियन्त्रण : २०३१ सालको ऐन लगाई बाटो फराक पार्ने सरकारले विदेशी मोटरकारहरूको आयातमा नियन्त्रण गर्न जानेन । त्यसैगरी मोटरसाइकल पनि अनियन्त्रित आउन दिनाले मोटर, डिजेल र पेट्रोलका लागि बहुमूल्य विदेशी मुद्रा विदेशमै जाने भयो । यसका लागि विद्युत यानहरूको विकास अनिवार्य भइसकेको छ ।

(३) हुनेखाने वर्ग र हुँदा खाने दुई वर्ग निर्माण : के शिक्षा, के उद्योग, के पुँजी परिचालन सबैतिरबाट हुँदा खाने वर्ग धेरै बन्न लागेका छन् । हुने खाने वर्गको शान सौकत बढेको बढ्यै छ । यसको निमित्त तल्लो वर्गमा पुग्ने सीप, उद्योग, कृषि र शिक्षामा सरकार चुकेको छ । यही कुण्ठा भविष्यमा घातक हुन्छ । अतः समानुपातिक ज्ञान र विकासको कुण्ठाको उपचार हुनैपर्छ ।

(४) घूस भ्रष्टाचार : अड्डा अदालतमा घूसकै कुरा छ । उद्योग खोल्दा मात्र हैन, योजना र विकास छान्दा यस्तै सुनिन्छ । त्यतिमात्र होइन, अख्तियार प्रमुख पनि नीतिगत भ्रष्टाचारकै कुरा गर्नुहुन्छ भने दण्डहीनता नै यो देशको मुख्य कुण्ठा हो, त्यो नहटेसम्म कुनै पनि सरकारले जस पाउँदैन । त्यसैले कानुनी राज्य अनिवार्य भइसकेको छ । अपराध कर्ममा दण्डहीनता पूर्णरुपमा समाप्त हुनैपर्छ ।

# हाम्रो सामाजिक सक्रियता

## श्री पञ्चकुमारी श्रद्धा प्रतिष्ठान तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

**परिचय**

श्री पञ्चकुमारी श्रद्धा प्रतिष्ठान काठमाडौं महानगर वडा नं १० धारापाखा मगरगाउँ बानेश्वरमा रहेको, २०६५ सालदेखि विधिवत जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको दर्ता नं ७४९ मिति २०६५।१०।२१ को स्थायी लेखा नं ३०४२०५८७७ भएको एक वैधानिक सामाजिक संस्था हो ।

**पृष्ठभूमि**

काठमाडौं महानगर वडा नं १० मा रहेको सार्वजनिक जग्गा व्यक्तिले कब्जा गरेको अवस्थामा स्थानीय बासिन्दाले लामो समयको कानुनी उपचारबाट सार्वजनिक जग्गा नै कायम गराउन सफलता प्राप्त भएपश्चात सो जग्गामा विविध सामाजिक प्रयोजनका लागि स्थानीय बासिन्दा तथा काठमाडौं महानगरपालिका, काठमाडौं जिल्ला विकास समिति, सहरी विकास र भवन निर्माण विभागबाट पनि आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध भई २०६५ सालमा मूल भवन निर्माण भएको र त्यसपछि क्रमशः दोस्रो र तेस्रो भवन तथा कलात्मक ढुंगेधारा समेत निर्माण भई विभिन्न सामाजिक काम र क्रियाकलापहरू सञ्चालित हुँदै आएका छन् ।

**कानुनी स्वरूप**

वि.सं. २०६५।१०।२१ संस्था दर्ता ऐन २०३४ बमोजिम कानुनी मान्यता प्राप्त भई अविच्छिन्न उत्तराधिकारवाला स्वशासित एवं संगठित संस्थाको हैसियतमा रही यसले विविध समाज उपयोगी क्रियाकलापहरू संचालन गर्दै आएको छ ।

हाल सबै गरी करिब १५० जना यस प्रतिष्ठानका सदस्य हुनुहुन्छ । साथै अध्यक्ष समेत १५ जनाको कार्यकारी समितिबाट संस्था संचालन हुँदै आएको छ । हाल कार्यसमितिको अध्यक्षमा विदुर मैनाली, सचिवमा यदुनाथ शर्मा, कोषाध्यक्षमा दलबहादुर थापा, तथा कार्यकारी सदस्यहरूमा सरोज राना मगर, युवराज खरेल, प्रभा मैनाली, गोमा बराल, विद्या नेपाल, निर्मला चौंलागाई, प्रकाश आचार्य, जयप्रकाश भुसाल, सुमित्रा सुवेदी, गीता लुइँटेल र भगवती थापा रहेका छन् ।

**संस्थाको दीर्घकालीन सोच**

यस प्रतिष्ठानलाई मुनाफारहित जनहीतकारी संस्थाको रुपमा कायम गर्दै सबै जातजाति, धर्म, लिंग र सम्प्रदायहरूलाई भेदभावरहित समान रुपमा कदर भइरहने गरी विशुद्ध सामाजिक सेवामा उन्मुख संस्थाको रुपमा स्थापित गर्ने कार्य भइरहेको छ । प्रत्येक दुई दुई वर्षमा प्रतिष्ठानको विधानबमोजिम नयाँ कार्यसमितिको चयन हुने गरेको छ ।

**उद्देश्यहरू**

(१) सबै जातजाति, धर्म, लिंग र सम्प्रदायहरूको परम्पराअनुसार मनाइने सामाजिक कार्य, किरियाकर्म, रीतिरिवाज तथा सबै धार्मिक अनुष्ठान गर्न सहयोग गर्ने, २) परम्पराअनुसार चलिआएको पञ्चकुमारी माताको पूजाआजा कार्यमा सहयोग पुर्‍याउने, ३) समय समयमा अपांग, असहाय, बालबालिका, महिला, युवा, जेष्ठ नागरिकहरूको स्वास्थ्य परीक्षण गराउने, ४) स्वास्थ्यवर्धक कार्यक्रम जस्तो योग, ध्यान, खेल आदि कुरामा जेष्ठ नागरिकहरूलाई अभ्यास गराउने र ५) वातावरण विकास र सम्वर्द्धन कार्य गराउने ।

**प्रतिष्ठानबाट हालसम्म भए गरेका कार्यहरू**

१) किरियापुत्रीहरूले पितृकार्य गर्दा उनीहरूसँग न्यूनतम सेवा शुल्क लिई उनीहरूलाई जम्मा उपलब्ध ६ वटा कोठाहरूमा व्यवस्थित गर्ने गरेको ।

२) जेष्ठ नागरिक तथा अन्य पाठकको लागि दैनिक पत्रपत्रिकाको व्यवस्था गरेको,

३) छलफल, भजन कीर्तन, योगध्यानसहितको आध्यात्मिक पुस्तकहरू भएको वाचनालय संचालन गरेको ।

४) प्रत्येक दिन बिहान ५ बजेदेखि ७ बजेसम्म सबै उमेर समूहका लागि योग प्रशिक्षण तथा योग साधना निशुल्क रुपमा गर्ने गराउने व्यवस्था गरेको

५) भवन परिसरमा बोटविरुवा, फूलबारीसहित हरियालीयुक्त बनाइराख्ने प्रवन्ध गरेको र

६) पुस्तकालय लगायत अन्य विभिन्न सामाजिक कार्यहरू पनि संचालन गर्ने गरेको छ ।

**संस्थाको आर्थिक स्थिति**

सेवामूलक र नाफारहित भएकोले यस प्रतिष्ठानको आर्थिक अवस्था सामान्य छ । आम्दानीका स्रोतहरू सीमित छन् । आम्दानीमा साधारण सदस्यहरूबाट वार्षिक रु २०० को सदस्यता नवीकरण शुल्क लिने गरिएको छ । किरियापुत्रीहरूबाट प्राप्त सेवा शुल्क तथा अन्य कहीँबाट प्राप्त हुने सहयोग नै प्रतिष्ठानको मुख्य आयको स्रोत रहेको छ । अचल सम्पत्तितर्फ निर्मित भवनहरू छन् । सबै वार्षिक आयव्ययको लेखापरीक्षण गराइ वार्षिक साधारणसभामा सार्वजनिक सुनुवाइ गरी अनुमोदन गर्ने गराउने गरिएको छ ।

**अनुरोध**

यस पञ्चकुमारी श्रद्धा प्रतिष्ठान विशुद्ध सामाजिक र गैरनाफामूलक संस्था रही दीर्घकालिन सेवा र प्रतिवद्धताअनुसार यस संस्थाले धेरै कार्यहरू गर्न बाँकी नै रहेको छ । प्रतिष्ठानको आफ्नो सीमित क्षेत्र र स्रोतबाट धेरै सामाजिक कार्यहरू गर्न कठिन छ । यसको प्रगति, विकास, प्रवर्द्धन हेतु समस्त स्थानीयवासी, व्यक्ति, संघसंस्था, प्रतिष्ठान तथा निकायहरूको सरसल्लाह एवं सहयोगको आवश्यकता रहेको छ । तसर्थ यस प्रतिष्ठानको कार्यक्रममा भाग लिई सहयोग गर्न श्री पञ्चकुमारी श्रद्धा प्रतिष्ठानको तर्फबाट यसको कार्य समिति सविनय अनुरोध गर्दछ ।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसागको आवद्धता**

यस पञ्चकुमारी श्रद्धा प्रतिष्ठानको दीर्घकालिन सोच, उद्देश्य, प्रतिष्ठानले गर्ने काम, भौतिक पूर्वाधारलगायत प्रतिष्ठानको आर्थिक स्थिति सुदृढ गर्दै यसका कार्यहरू थप उपलब्धिमूलक, साकार र सबल पार्नको लागि काठमाडौं जिल्लामा वैधानिक रुपबाट आफ्नो कार्यहरू संचालन गर्दै आएको सुरेन्द्र ढकाल प्रतिष्ठानजस्तो एक प्रतिष्ठित सामाजिक संस्थासँग आवद्ध भइ आपसी सहयोग आदानप्रदान गर्ने उच्च भावनाका साथ मैत्रिपूर्ण सहकार्य गर्ने सहमति भएकोले यस पञ्चकुमारी श्रद्धा प्रतिष्ठान सुरेन्द्र ढकाल प्रतिष्ठानसँग आवद्ध हुन पुगेको छ । जसअनुसार आ.व ०७९।८० को लागि उक्त प्रतिष्ठानबाट प्राप्त रु १ लाखको नगद सहयोग यस प्रतिष्ठानले सधन्यवाद ग्रहण गरेको छ ।

उक्त सहयोग रकमबाट यस प्रतिष्ठानले विशेष गरेर किरियापुत्री तथा कुरुवाको लागि थप राडीपाखी तथा कम्वलहरू खरिद गरेको छ । साथै धारापानी, सरसफाइ तथा अन्य आवश्यक कामहरूमा पनि उक्त सहयोग रकम आवश्यकता अनुसार खर्च गरिएको छ । त्यस प्रतिष्ठानले आगामी आर्थिक वर्षहरूको लागि पनि यस प्रतिष्ठानलाई सहयोग गर्ने प्रतिवद्धता जनाएअनुसार किरियापुत्री, जेष्ठ नागरिक सेवा कार्यक्रमको लागि थप भाडावर्तन, ग्यास चुलाहरू, भ्याकुम क्लिनर खरिद गर्ने र कुरुवा, पाले र प्लम्बरहरूलाई नपुग तलव दिने समेत योजना बनाएको छ ।

उक्त प्रतिष्ठानले गर्दै आएको कार्यको उच्च मूल्यांकन गर्दै यस प्रतिष्ठान उक्त प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको कामना गर्दछ र यस पञ्चकुमारी श्रद्धा प्रतिष्ठानको समस्त कार्यसमिति सुरेन्द्र ढकाल प्रतिष्ठानलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।









निबन्ध

# सत्ता परिवर्तन र स्वतन्त्रताले मात्र देश विकास हुँदैन

जयदेश श्रेष्ठ

सुनेको, लेखिएको सबै साँचो हुँदैन। नेताहरू सबै भ्रष्ट छैनन्, देश बनाउने भन्ने,ठुला नेताहरू सबै देशभक्त होइनन्। देशका जनताहरू लडाएर,सडक तताएर, भौतिक संम्पति जलाएर, बन्द हडताल घर्ना र बिरोध गरेर,सत्ताको खेलमा देश विकास हुँदैन। मान्छेको जीवन एक पटक आउन्छ। देश र जनताका पुस्ता सधैँ अन्धकार, गद्धारी नेताहरू बेलैमा चिनौँ, यो देश नेपाललाई बचाऔँ !

हिजो जनता अशिक्षित भएर ठुला ठालुले तलका मान्छेहरूलाई थिचो मिचो गर्दथे। गाउमा शोषक सामन्ती भन्दथे। देशमा १०४ वर्ष राणाहरूले शासन चलाए। २००७ सालमा कति शहिद भएर प्रजातन्त्र ल्याए। त्यही प्रजातन्त्रलाई पन्चायती निरन्कुस शासन भन्दै २०४६ सालमा जन आन्दोलनबाट प्रजातन्त्र आयो भनेर खुसी मनाउ गरे। आज लोकतन्त्र, जनतन्त्र भन्दै गणतन्त्रसम्म आई पुग्दा पनि जनताहरूले राहतको श्वास फेर्न पाएका छैनन्। जति सुकै जनता सजग र शिक्षित भए पनि राजनीतिक फोहरी खेलले देश अन्धकार र गरिबी तिर झन् झन् भासिँदै गएको छ। देश गम्भीर परिस्थितिमा गुज्रेको अवस्था भन्दै राजनीतिक स्वार्थमा नेताहरू आफ्नो अनुकूल राज्य व्यवस्था चलाउन मरिहत्य गर्ने राजनीतिक व्यक्तिहरूले भने देश डुबे पनि नेता र शासक वर्गहरूको भने दिन दुई गुना रात चौगुनाको व्यक्तिगत वृद्धि विकास गरेका छन्।

पढेलेखेकाहरू बेरोजगार छन्। कामको खोजीमा अरब, मलेसिया अन्य विदेशी भूमि मजदुरी गरेर पठाएका रेमिटान्सले देश धानेको छ भनिए पनि बिदेशबाट फर्किए पछि घर व्यवहार भने व्यवस्थित रूपमा चल्न सकेका छैनन् आज पैसाको लागि विदेश जानेहरूको कतिको वैवाहिक र पारिवारिक अवस्था टुटेको भविष्य चकनाचुर भएका छन्।

हामी जहाँ जन्मियौँ त्यो देशको माटो माया छ। स्वाभिमान, नैतिकता, इमान्दारीता राष्ट्रियता अनेकौ गुणवान नागरिक देशको लागि आफ्नो ज्यान हत्केलामा राखी देशको लागि मर्न र मार्न तयार हुनु पर्दछ। यस्तै नागरिकहरूबाट चुनिएको कर्मठ व्यक्ति जसले देशको शासन व्यवस्था चलाएको भए हामी नेपालीहरू सुन्दर देशको बैभवशाली राष्ट्रको नाममा सुचिक्रित हुने थियो हाम्रो देश नेपाल। आज किन विश्वका गरिब र राजनीतिक अस्थरिता भष्ट्राचार र असफल राष्ट्रतिर धकेलिदै छ ? हामी नेपालीहरूले नेता र पार्टीहरूलाई आवश्यकताभन्दा बढी विश्वास र भरोसा गर्यौ। नेता र पार्टीहरूको लगामको घोडा जस्तै भएर हरेक पार्टी र व्यक्तिको पछि लाग्यौ। नेताहरूको विश्वास गर्यौ। देश विकास र देश बदल्ने विश्वासमा अनेकौ आन्दोलन जन आन्दोलन जन युद्धलाई साथ दियौ। आज जनता र नेताहरूको दुरी आर्थिक समुन्नतीमा फरक भएका छन्। राष्ट्रिय सम्पतीमा नेताहरूको ब्रम्हलुट भएका छन्। नेताहरूको औषधी उपचार, देश विदेश भ्रमण खर्च तलब भत्ता सुविधाहरू भने कुनै विरोध अवरोध बिना संसदबाट पास हुने जनताको हितको नीति नियम संविधान भने थाती राखी महिनौं संसद् अवरोध हुने यो कस्तो देश ?

जनताहरू भूकम्प, बाढी पहिरो, रोगब्याधी र आर्थिक कमजोरीबाट पिल्सिएका छन्। देशमा उद्योग धन्दा कलकारखाना बन्दले गर्दा काम गरी खाने वातावरण छैन। पढेलेखेकाहरू बेरोजगार छन्। कामको खोजीमा अरब, मलेसिया अन्य विदेशी भूमि मजदुरी गरेर पठाएका रेमिटान्सले देश धानेको छ भनिए पनि बिदेशबाट फर्किए पछि घर व्यवहार भने व्यवस्थित रूपमा चल्न सकेका छैनन् आज पैसाको लागि विदेश जानेहरूको कतिको वैवाहिक र पारिवारिक अवस्था टुटेको भविष्य चकनाचुर भएका छन्। विदेशी भूमिमा काम गरेर पाएको पैसाले जिन्दगीभर आफ्नो देशमा सुख भोगले बाँच्न सकिदैंन। चाहे जस्तो सुकै सानो काम किन नहोस आफ्नो भूमि आफ्नो ठाउँमा केही गरी आफू र अरूलाई फाइदा हुने काम गर्ने सके हामी र हाम्रो समाज अनि देश बन्ने थियो।

जनताको इच्छा आकाक्षा र भरोसाको केन्द्र बिन्दु नेताहरूको नैतिक आचरण हो। देशमा व्यवस्था परिवर्तनसँगै मुख्य पार्टीका धेरै नेताहरूले देशमा शासन चलाउने अवसरहरू पाए तर पनि जुन गोरु आए पनि कानै चिरेको ! सबै नेताहरू दोष जति अरूमा थुपारेर आफू भने पानी माथिको ओभानोमा किन बस्न खोज्छन ? कमी र कमजोरी सबैमा हुन्छन्। जनताहरूको माझबाट चुनिएर आएका नेताहरू आफ्नो दायित्व, सिद्धान्त र हैसियत, बिर्सिएर पार्टी र व्यक्तिगत लाभमा किन लागि परेका छन् ? आज जनताहरू आफ्नो व्यक्तिगत फाइदा र स्वार्थका लागि नेता र पार्टीको पछि लागेका छन भन्दा अन्यथा नहोला ! छिमेकी देश भारतले कालो धनलाई बैधानिकता नदिन आफ्नो देशको हजार र पाँच सयको नोट कारोवारमा बन्द गरेर धेरै पैसा हुनेहरूलाई करको दायरामा ल्याउने र सम्पति बिवरणलाई पारदर्शी बनाउन कठोर नीति अवलम्वन गरिरहदा हाम्रो देशका सर्वहारा वर्गका कमनिष्ट विलासी नेता बहालवाला प्रधानमन्त्रीको संम्पति बिवरण तीन तोला सून र एक कठ्ठा जमिन कति हाँस्यापद देखिएको छ। प्रधानमन्त्रीकालमा एक दिनको खर्च पनि आफ्नो सम्पति नदेखाउने प्रधानमन्त्रीको विश्वसनियतामा जनताहरूले कसरी भरोसा गर्ने ? अगुवा नै बाटो हगुवा भए पछि सु-सासन, न्यायिक सु-व्यवस्था र सुन्दर स्वस्थ वातावरणको कल्पना कसरी गर्ने ?

देशको स्थायी सत्ता भने कै राष्ट्र र राष्ट्रियता हो। नेपाली जनताहरूमा देश प्रतिको आस्था भरोसा टुटनु हुदैन। देशको लागि आवश्यक परे मलाई बली चढाउनु भन्ने राष्ट्र भक्ति नागरिक र म मरे पनि मेरो देश बाँचिरहोस् भन्ने शासकको खाँचो महसुस भएको छ !

# 'वेद के भन्छ ?' मेरो दृष्टिमा

डा. इन्दुल के.सी.



**प्रारम्भ** : वेदलाई विश्वमा अति प्राचीन, अति महत्त्वपूर्ण अतुलनीय ग्रन्थ मानिन्छ। सङ्स्कृत भाषामा लेखिएको वेद विश्वका अनेकौं भाषामा अनुवाद भैसकेको छ। भारतबाट प्रकाशित 'कल्याण' पत्रिका बेदाङ्ग वर्ष ४३, वि.सङ्. २०५५ मा प्रकाशित 'वेद एक परिचय' भन्ने लेखक राधेश्याम खेमकाद्वारा लिखित हिन्दी भाषाको लेखलाई श्री ओतबहादुर खड्काज्यूले नेपाली भाषामा अनुवाद गरी "वेद के भन्छ ?" नामको पुस्तक प्रकाशन गर्नु भएको हो। उक्त कृतिलाई मैले पढ्ने सौभाग्य पाएँ। उक्त पुस्तकमा के कुरा छन् ? तिनको टिपोटहरु नै उल्लेख गर्नु यस लेखको अभिप्राय हो। म समालोचक, समीक्षक र टिप्पणीकार कोही होइन। म एक सामान्य पाठक मात्रै हो। उक्त पुस्तकमाथि यो एउटा सामान्य बुक रिभ्यु मात्र हो।

**परिचय** : अनुवादक श्री ओतबहादुर खड्काजी दलिनचोक, पनौती, काभ्रेमा वि.सङ्. १९९४ सालमा जन्म भएको हो। उहाँको शिक्षा नेपाली भाषा माध्यमा परीक्षा सम्म हो। उहाँ विभिन्न विषयमा तालिम प्राप्त हुनुहुन्छ। विभिन्न २३ ओटा सङ्घ सङ्स्थाहरुमा आवद्ध पनि हुनुहुन्छ। २०१४ साल देखि २०४२ सालसम्म सरकारी नोकरी गर्नु भएका, नोकरीको सिलसिलामा नेपालका विभिन्न जिल्लामा भ्रमण गर्नु भएका व्यक्ति हुनुहुन्छ उहाँ। धार्मिक तीर्थयात्रामा भारतको चार धाम गर्नु भैसकेको छ। विभिन्न सङ्स्थाहरुबाट कदर पत्र, सम्मान पत्र, प्रशंसा पत्र आदि प्राप्त गरिसक्नुभएको छ।

श्री ओतबहादुर खड्काजीको कलमबाट लेखिएका विभिन्न विधाका पहिले ७ ओटा र यो सहित ८ ओटा पुस्तक प्रकाशित भैसकेको विवरण उल्लेख भएको पाइन्छ। 'जीव र ईश्वरको दिग्दर्शन' नामको उहाँको पहिलो पुस्तक २०६३ सालमा प्रकाशित भएको हो। त्यसपछि क्रमशः (१) गर्ग सङ्हिताको गोलोक खण्ड (२०६७) अनुवाद (२) रोसीको आवाज कविता सङ्ग्रह (२०६७) (३) नीति र रीति - टिपनटापन (२०६८) (४) अनुभूतिका तरङ्गहरु कविता सङ्ग्रह (२०७०) (५) बैदिक धर्म र आर्य समाज अनुवाद (२०७१) (६) नेपाल माहात्म्य अनुवाद (२०७३) र (७) यो वेद के भन्छ ?

सारसङ्ग्रह (२०७६) हालसम्मको पछिल्लो पुस्तक हो। साथै हरियो वन र राधेश्याम भजन नामक उहाँको २ ओटा सिडीहरु पनि रहेका छन्।

**अनुवाद** : कुनै एउटा भाषामा लेखिएका लेख रचना अरू भाषामा परिणत गर्ने अर्थात् अनुवाद गर्ने प्रचलन विश्वव्यापी रूपमा छ। नेपाली भाषामा अनुवाद सहित्यतर्फ फर्केर हेर्दा देखिएका केही उदाहरणहरु यहाँ उल्लेख गर्नु सान्दर्भिकै होला। इन्दीरसको 'गोपिका स्तुति' सङ्स्कृत भाषामा लेखिएको श्रीमद् भागवत्को एक अंशको अनुवाद हो। यसरी नै आदि कवि श्री भानुभक्त आचार्यज्यूको 'रामायण'- अध्यात्म रामायनको अनुवाद हो। यसरी नेपाली भाषामा अनुवाद गर्ने अनुवादकहरुको क्रममा श्री ओतबहादुर खड्काज्यू पनि नेपाली पाठकहरु समक्ष देखापर्नु भयो। उहाँले अनुवाद गर्नु भएका ४ ओटा पुस्तहरुको नाम उल्लेख भैसकेको छ। अनुवादकको भाषाशैली प्रस्तुतीकरण सरल, गहन, रोचक छ छैन भन्ने विषयको चर्चा पनि गरिने गरिन्छ। श्री ओतबहादुरज्यूको

अनुवाद कार्यमा धेरै सकारात्मक पक्षहरु रहेको मैले पाएँ।

**"वेद के भन्छ ?" कृतिका अवयवहरु**

हिजो आज कुनै पुस्तकको पृष्ठ सङ्ख्या ५० भन्दा बढि भयो भने पुस्तक र कम पृष्ठ भयो भने पुस्तिका भन्ने चलन छ। यो पुस्तक ४६ पृष्ठ मात्र भएकोले पुस्तिकाको रूपमा देखा पर्‍यो। तर यसमा रहेको विषय सूचीमा १५ ओटा शीर्षकहरुमा विभक्त गरिएका छन्। विषय सूचीमा परेका प्रत्येक शीर्षकमा रहेका कुरालाई मैले साह्रै कम शब्दहरुमा सीमित गरी निम्न अनुसार प्रस्तुत गर्ने जमर्को गरेको छु।

**१) श्री गणपति वन्दना**

हाम्रो धर्म, सङ्स्कृति अनुसार कुनै पनि कार्यको सुरुमा श्री गणेशाय नमः भनी, गणेशको पूजा प्रार्थना वन्दना गर्ने गरिन्छ। यसरी नै यो पुस्तिकाको पहिलो स्थानमा श्री गणपति वन्दना शीर्षकमा ६ ओटा बुदागत विवरणहरु रहेका छन्। जसमा ऋग्वेदका ५ ओटा र शुक्ल यजुर्वेदको एउटा समेत ६ ओटा सुक्तिहरुको उल्लेख गरी श्री गणपति वन्दा राखिएको छ।

**२) स्वस्ति वाचन**

हामीलाई देवताले दीर्घायु र निरोगी बनाउन् सुरक्षा प्रदान गरून् भन्ने पुकारको भावनालाई नै यहाँ - स्वस्ति वाचन भनिएको छ। आश्विनि देवता, इन्द्र, वृहस्पति, सबैलाई आव्हान गरिएको स्वस्ति वाचन हो।

**३) चारवेदको मङ्गलमय सन्देश**

शीर्षक अनुसार ऋगवेद, यजुर्वेद, सामवेद र अथर्ववेदका ४ ओटा सन्देश पनि दिइएका छन्। अग्नि, जललाई आव्हान गरी सबैलाई श्रेष्ठ कर्मका लागि प्रेरित गरून् भनी स्तुति गरिएको छ।

**४) परम पुरुषको स्तुति**

विष्णु परम पुरुष सबै ब्रह्माण्डमा व्यापक रूपमा रहेका छन्। उनीबाट नै ब्रह्माण्डको उत्पत्ति भएको हो। देवताहरुले यज्ञद्वारा परम पुरुषको आराधना गरेको कुरालाई यहाँ स्तुतिको रूपमा चर्चा गरिएको छ।

**५) वैदिक सुमार्ग**

यसमा ऋग्वेदका ३, शुक्ल यजुर्वेदको १, साम वेदको १ समेत ५ ओटा मन्त्रको नाम उल्लेख गरी जम्मा ५ ओटा बुँदाहरुमा वैदिक सुमार्गहरु उल्लेख गरिएको छ।

**६) वेदको प्रार्थना**

वेदमा मानव कल्याणका लागि अनेकानेक मन्त्रहरु छन्। तिनको स्वाध्याय तथा चिन्तन मनन्ले उच्च जीवन, उच्च विचारको प्रादुर्भाव हुन्छ भनी ऋग्वेदका ४ ओटा मन्त्रहरु, यजुर्वेदका ७ ओटा मन्त्रहरु, सामवेदका ८ ओटा मन्त्रहरु र अथर्व वेदका ९ ओटा मन्त्रहरु समेतगरी २७ ओटा मन्त्रहरुको सङ्स्कृत भाषामा र त्यसको नेपाली भाषामा अनुवाद गरिएका अर्थहरु दिएका छने। ती सबै मन्त्रहरुले भगवानसँग सुख सद्बुद्धि, तेजस्वी अनेक प्रकारका मनोरथ प्राप्ति सत्यवादी बनाउनका लागि पुकार गरिएको छ। विभिन्न प्रकारका इच्छा पूरा गरी दिने शंत्रु कोही नहुन् भनने कामना गर्ने , दुष्ट बोली स्वभावको नाश होओस्, कुनै प्रकारको भय नहोओस्, जस्ता विषयको प्रार्थना गरिएको छ।

**७) वेदबाट कामको साधना गर्ने मन्त्र**

चारैओटा वेदहरुका २७ ओटा मन्त्रहरु (क) भूतादि मन्त्र (ख) निर्विघ्न मन्त्र (ग) बाल शान्ति मन्त्र (घ) रोग नाशका लागि मन्त्र (ङ) धन प्राप्तिका लागि मन्त्र (च) पानी पार्ने मन्त्रहरु सङ्स्कृत भाषालाई नेपालीमा कतिपय अनुवाद गरी राखिएको छ। त्यसको नेपाली भाषामा ती मन्त्रहरुले दिने फाइदाहरु पनि उल्लेख गरिएका छन्।

**८) वेदमा भगवान प्रार्थना**

मन्त्र द्रष्टा ऋषिहरुले वेदका अनेक ठाउँमा लोक कल्याणका लागि भगवनालाई आह्वान गरिएका मन्त्रहरु छन्। यहाँ ऋग्वेदका ३ ओटा, शुक्ल यजुर्वेदका ३ ओटा र अथर्व वेदका ३ ओटा समेत जम्मा ९ ओटा मन्त्रहरु सङ्स्कृत भाषाबाट नेपाली भाषामा अनुवाद गर्दै कतिपयका अर्थ दिइएको छ। भगवानको शरणमा परी प्रार्थना गरेमा फल प्राप्त हुने कुराको पनि चर्चा गरिएको छ।

**९) वेदको परिचय**

वेद भनेको देवता, पितृ र मानिसको आँखा हो। यो केवल बह्म विद्याको ग्रन्थ मात्र होइन, खयम् बह्म नै हो। वेदको मूल चार सङ्हितामा, ब्रह्माण भाग र त्यसका ब्राह्मण, आरण्य, उपनिषद् ३ विभागमा विभक्त छन्। वेदले धर्म, अर्थ, काम र मोक्षका कुरालाई प्रतिपादन गर्छ। यसको व्याख्या वेदाङ्गवार हुन्छ। वेदाङ्गका ६ प्रकार छन्ः शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्द र ज्योतिष। ४ वेदका ४ उपवेद हरु छन्: आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्यवेद। वेदको उपब्रह्म इतिहास पुराण आदिबाट भएको हो। यसैको पुराणलाई वेदको पाँचो भाग पनि भनिएको छ।

**१०) वेदको प्रादुर्भाव**

विद्वानहरुले वेदलाई सनातन, नित्य, अपौरूषेय मानेका छन्। वेदको उत्पत्ति ईश्वरीय ज्ञानका रूपमा भएको छ। सृष्टिको आदिमा परमात्मा प्रभुले ब्रह्माजीलाई प्रकट गर्नु भएको हो। यसरी वेदको ईश्वरीय ज्ञान कालान्तरमा सबैका लागि प्राप्त हुँदै आएको हो। यसमा शौनकदि ऋषि, याज्ञवलक्य वेदव्यासहरुले पनि वेदलाई मनन गरेर त्यसलाई मन्त्रका रूपमा लिइयो र त्यसलाई छन्द पनि भनियो। जसले मानिसको रक्षा गर्दछ त्यसैलाई छन्द भनिन्छ पनि भनियो। भोजन आदि सबै पदार्थ दिनेहरुलाई नै देवता भनियो। पृथवीका स्थानीय देवता अग्नि, अन्तरिक्षका स्थानीय देवता वायु वा इन्द्र र द्युलोकका स्थानीय देवता सूर्यलाई मानियो। मन्त्र वा सुक्तलाई नै देवत्व शक्ति मानिएको छ।

सूर्य, गणेश, विष्णु, देवी आदि देवताहरुलाई नै देवता नै मानिन्छ। वेदबाट नै धर्मको उत्पत्ति भएको हो। कुनै पनि मानिसद्वारा वेद बनाइएको होइन। वेद एउटा देशको मात्र होइन सबै देशको मानिन्छ।

**११) वेदमा पाइने शिक्षाप्रद आख्यान**

ऋषिमुनिले वेदलाई अक्षय ज्ञानको विधान मान्दछन्। प्राचीनतम मानवीय इतिहास, सामाजिक नियम, राष्ट्रधर्म, सदाचार, कला आदिको ज्ञान प्राप्त गर्ने, साधन भनेकै वेद ग्रन्थ हो। यसको अन्तिम लक्ष्य भनेकै मोक्ष प्राप्ति हो।

कर्म काण्ड, उपासना काण्ड र ज्ञान काण्डका बारे वेदमा बताइन्छ। गृहस्थी जीवनमा अपनाउनु पर्ने ब्रह्मयज्ञ, देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ र मनुष्ययज्ञ जस्ता कुराको बारेमा पनि वर्णन गरिएको पाइन्छ। सबै प्रकारका यज्ञ सात्विक, राजसिक, तामसिक गरी तीन प्रकारका मानिएको छ। मानवचित्तलाई कुकर्ममा लाग्न नदिई सत्कर्मतिर लाग्ने प्रेरणा दिइएको छ।

**१२) वेदमा मन्त्र**

वेदमा अनेक मन्त्रहरु अभीष्टसिद्धिका लागि राखिएका छन्। ती सूक्तरूपी मन्त्रहरु दार्शनिक सूक्तमा पुरुष सूक्त, हिरण्यगर्भ सूत्र, वाक् सूत्र र नासदीय सूत्रका रूपमा प्रसिद्ध मानिन्छन्। प्रथम भागमा सृष्टि सूक्तका सृष्टिको पहिलो अवस्था, दोस्रो भागमा नामरूपादिविहीन सत्ता रहेको र तेस्रो भागमा सृष्टिको दुर्ज्ञेयता (जानि नसकिने कुराको निरूपण गरिएको छ। नासकीय सूक्तको गणना विश्वका शिखर साहित्यमा गणना गरिएको भनी चर्चा गरिएको छ।

**१३) वेदको आध्यात्मिक सन्देश**

यसमा अनुवादकद्वारा ऋक्वेदका चार ओटा, अथर्ववेदका तीन ओटा, सामवेदको एउटा र यजुर्वेदका दुईओटा मन्त्रहरुको जम्मा १० ओटाको सङ्स्कृतमा समेत उल्लेख गरी नेपाली भाषामा समेत अनुवाद गरी सङ्क्षिप्त व्याख्या गरिएको पाइन्छ।

गायत्री मन्त्रलाई सबभन्दा उत्तम मन्त्र मानिन्छ भने जुवा नखेल्नु, अरूको धनसम्पत्तिमा लालच नगर्नू, मानिस र सबै प्राणीलाई कुनै प्रकारको दुःख र कष्ट नदिनू, सत्यको मार्गमा हिड्नू जस्ता सन्देशलाई वेदको आध्यात्मिक सन्देश मानिन्छ।

**१४) परिशिष्ट**

मन्त्र जप्ने तीन प्रकारका वाचिक, उपास र मानस छन् भनिएको छ। होमसम्बन्धी जानकारी दिने क्रममा होम गर्न चाहिने साधन छोराछोरी जन्माउन खीरको हवन, लक्ष्मी प्राप्तिका लागि घिऊमा मुछिएको अन्नले हवन गर्ने तथा स्मृति प्राप्तिको लागि घिउ, बेलपत्र र तिलजातु वस्तुले होम गर्नु भनी जानकारी दिइएको छ। अन्य जानकारी भन्दै आगोमा हिँड्ने, दाँतको कीरा झार्ने, आँखाबाट आँसु झर्ने रोग निको पार्न र स्मराण शक्ति बढाउने उपायको पनि जानकारी दिइएको पाइन्छ।

१५) यस कृतिका प्रकाशक शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मन्जुश्रीज्यूको शब्दमा 'यस पुस्तिकाको अध्ययनबाट हजारौं' वर्ष पहिलेका हाम्रा पूर्वजहरुको चिन्तन मननको स्तर कति माथि रहेछ भन्ने कुरा यस पुस्तिकाबाट बुझ्न सकिन्छ।

१६) यस पुस्तिकाको भूमिकाका लेखक श्री मुकुन्दप्रसाद उपाध्यायका शब्दमा 'यो पुस्तिका छोटकरीमा वेदबारे बुझ्न जान्न चाहने युवा पुस्ताका लागि आवश्यक पाठ् यसामग्री बन्न सक्छ।'

१७) लेखक ओतबहादुर खड्काज्यूले आफ्नो भनाइमा 'अहिलेसम्म नेपालीमा लेखिएका वेदसम्बन्धी पुस्तकहरु सर्वसाधारण नेपाली पाठकले बुझ्न कठिन होला भनी 'वेद के भन्छ ?' भन्ने शीर्षक राखी सङ्क्षिप्त रूपमा हिन्दी भाषाबाट नेपालीमा अनुवाद गरी प्रकाशित भएको' कुरा समेत उहाँ जानकारी दिनु भएको देखिन्छ।

समग्रमा यो पुस्तिका प्राचीन हिन्दू सङ्स्कार कसरी पालना गर्नु पर्दछ र हुँदैआएको भन्दै न्यूनतम मूल्य रू.६०/- कायम गरी प्रकाशित यो कृति हाम्रा लागि ज्यादै पठनीय, सङ्ग्रहनीय र महत्त्वपूर्ण रहेको छ भन्ने मलाई लागेको छ।

*शब्दसागरको मोतीबाट साभार*

## नयाँ वर्ष

**घनश्याम ओली**

नयाँ वर्षको स्वागतका लागि
पुराना वर्षको सुख दुःख त्यागी
जुटेका छौं खुसी उमंगका साथ
प्रगतिका पथमा फैलाएर हात।

नयाँ पुरानो यो केही पनि हैन
जोसँग छ धन उसैलाई छ चैन
गरिबको घरमा नयाँ आउँदैन
परिश्रम नगरी पैसा धाउँदैन।

जसको छ ग्रह बलियो र राम्रो
उसैको छ सुदिन भन्छ ज्योतिष हाम्रो
विधाताले जुन दिन लेखिदियो भाग्य
त्यसैको फल् भोग्न हामी सबै बाध्य।

अपेक्षा सबैमा नयाँ वर्ष आओस्
सुस्वास्थ्य समृद्धि सुख शान्ति ल्याओस्
नराम्रा ग्रह दशा हटेर जाउन्
सोचेका सबै काम पूरा गर्न पाउन्।

लोभी पापाचारी दुराचारी भागुन्
असल सत्विचारी देश हितमा लागुन्
जन जनमा छाओस् खुसी र उमङ्ग
नयाँ वर्ष पार हामी सबलाई दङ्ग।

## वरिष्ठ पत्रकार किशोर नेपाल सम्मानित



नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको २३ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। सञ्चार तथा सुचना प्रविधि मन्त्री रेखा शर्माको प्रमुख अतिथ्यतामा सम्पन्न कार्यक्रममा पत्रकार महासंघ काठमाडौंका सदस्यहरूको बाक्लो उपस्थिती रहेको थियो। पहिलो सत्रमा उदघाटन कार्यक्रम रहेको थियो भने दोस्रो सत्रमा बन्दसत्रको कार्यक्रम रहेको थियो। कार्यक्रममा बरिष्ठ पत्रकार किशोर नेपाललाई आदर्श पत्रकारिता पुरस्कारले सम्मान गरिएको थियो।

नेपाल पत्रकार महासंघ काठमाडौले हरेक वर्ष आदर्श पत्रकार पुरस्कार वितरण गर्दै आएको छ। यसै सन्दर्भमा यस वर्षको आदर्श पत्रकार पुरस्कारले नेपाललाई सम्मान गरेको हो। पुरस्कारको रासी रु १ लाख नगदसहित सम्मान पत्र रहेको थियो। कार्यक्रममा शाखाको पूर्व अध्यक्षहरू तथा अन्य पत्रकारहरूले शुभकामना मन्तव्य राखेका थिए। मन्तव्यको क्रममा विज्ञापनमा एकरुपता नभएको पत्रपत्रिका वर्गीकरणमा सरकारले विभेद गरेको साना मिडीयाहरूलाई बाच्न कठिन भएको लोककल्यणणकारी विज्ञापन वापतको रकम वृद्धि गर्नुपर्ने लगायतका गुनासाहरू वक्ताहरूले कार्यक्रममा राखेका थिए।

कार्यक्रममा बोल्दै शाखाका उपाध्यक्षले काठमाडौं शाखामा ६० प्रतिशतभन्दा बढी स्वरोजगारमुलक सञ्चार माध्यम रहेको बताए। त्यसैगरी शाखामा १४ सय ८२ जना पत्रकार शाखामा आवद्ध भएको जानकारी दिए। सोही क्रममा ४ हजार ७ सय ८९ पत्रिका, ८ सय ८० एफ एम रेडियो १ सय ६४ टेलिभिजन र करिब ४ हजार डिजिटल अनलाइन सञ्चार माध्यमहरू रहेको जानकारी शाखाका उपाध्यक्षले दिए। कार्यक्रममा शाखाका अध्यक्ष सुर्य सुवेदीले साना मिडियाहरूलाई ठूला मिडियाहरूले छायामा पारेको र सरकारले पनि साना मिडियाहरूको हितमा काम नगरेको गुनासो गरेका थिए। पत्रपत्रिका वर्गीकरणमा पनि आफ्नो पत्रिकालाई वर्गीकरणमा पार्नका लागि त्यहाका भान्सेहरूलाई हारगुहार गर्नु अवस्था छ तर तालुकदार मन्त्रालय यसमा बेखबर किन बन्छ अध्यक्ष सुवेदीको प्रश्न थियो।

सोही क्रममा मन्तव्य राख्दै सुचना प्रविधि मन्त्री रेखा शर्माले पत्रकारको हकहितमा सरकार सधै चनाखो रहेको बताइन। विभिन्न कालखण्डमा भएका परिवर्तनमा मिडियाको भूमिका अक्षुर्ण रहेको कुरा इकिंत गर्दै विशेषगरी साना मिडियाहरूलाई लक्षित गरी नीति र ऐनमा सुधार ल्याउने पहल मन्त्रालयको रहेको छ मन्त्री शर्माको भनाइ थियो। पत्रकारको हितका लागि आफू सधै तत्पर रहेको र भविष्यमा रहिरहने भन्दै पत्रकारको सन्दर्भमा आएका गुनासाहरूलाई उचित सम्बोधनका लागि पहल गर्ने प्रतिवद्धता पनि मन्त्री शर्माको थियो। एकद्धारा प्रणालीबाट विज्ञापन उपलब्ध गराउनेमा मन्त्रालय सकरात्मक रहेको पत्रपत्रिकाको वर्गीकरणमा पनि कुनै विभेद नगर्ने आश्वस्त मन्त्री शर्माले कार्यक्रममा पारिन। सञ्चार ऐन बनाउनका लागि मन्त्रालयमा धमाधम काम भइरहेको र कतिपय मिडियाहरूले स्वनियम पालना गर्न चुकिरहेको सरकारको नीति तथा कार्यक्रममा पनि पत्रकारको हकहितका योजना परेका र केही थप गर्नुपर्ने भए लिखित रुपमा सुझाव दिन पनि मन्त्री शर्माले आग्रह गरिन।

कार्यक्रमको दोस्रो सत्रमा बन्द सत्र भएको थियो। बन्द सत्रमा शाखाका कार्यसमिति सचिवले सांगठानिक प्रतिवेदन तथा कोषाध्यक्षले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। बन्दसत्रको क्रममा विगतको भन्दा वर्तमानको कार्यसमिति निकै सक्रिय देखिएको सदस्यहरूले बताए। विशेषगरी काठमाडौं शाखाको आफ्नै भवन नभएको र भवनका सबै तहबाट पहल गर्नुपर्ने आवाज पनि बन्दसत्रमा उठेको थियो। पत्रकारभित्रको आन्तरिक शुद्धिकरण गर्दै काठमाडौं शाखालाई देशभरी कै पत्रकारहरूको नमुना शाखाको रुपमा स्थापित गर्ने अभियानमा सबै लाग्ने प्रतिवद्धतासहित बन्दसत्रको सम्पन्न भएको थियो। पत्रकारहरूको छाता संगठन पत्रकार महासंघ काठमाडौं शाखाद्धारा सम्मानित वरिष्ठ पत्रकार किशोर नेपाल कोभिड संक्रमणका कारण स्वयम उपस्थिती नभए तापनि उनले धन्यवाद पत्र पठाएका थिए। कार्यक्रमा धन्यवाद पत्र वाचन गरी सुनाइएको थियो भने उनका छोराले सम्मान पत्र बुझेका थिए।

## बाल साहित्य सृजना तालिम सञ्चालन गरिने

काठमाडौं। बरिष्ठसाहित्यकार रमेश विकलको नाममा स्थापना भएको रमेश विकल साहित्य प्रतिष्ठानको आयोजनामा आगामी बैसाख ज्ञछ गते बृहत बाल साहित्य सृजना तालिम सञ्चालन गरिने भएको छ।गोकर्णेश्र्वर नगरपालिकाको आर्थिक सहयोगमा संचालन गरिने उक्त प्रतियोगिता गोकर्णेश्र्वर नगरपालिकाको वडा नं ढ आरूबारीको एक बैङ्क्वेटमा दुई चरणमा गरी संचालन गरिने र उक्त तालिममा गोकर्णेश्र्वर नगरपालिका भित्र रहेका सामुदायिक , संस्थागत तथा गुठी मार्फत संचालन भईरहेका विद्यालयमा अध्ययनरत करिव ज्ञद्दण जना छात्रछात्राहरू सहभागी हुन पाउँने सो तालिमको प्रथम चरणमा सबै सहभागीहरूलाई विषय बस्तु बारे जानकारी गराएर छात्र छात्राको रूची अनुसार कथा कविता तथा निबन्ध लेख्न लगाउँने कुरा बताईएको छ भने सोहि कार्यक्रमको दोस्रो चरणमासबै प्रतियोगिहरूले कथा कविता र निबन्ध लेखिसकेपछि उक्त सृजनाहरूलाई संकलन गरि नेपालका ख्याति प्राप्त बाल साहित्यकारहरूले आ - आफ्नो विधा अनुसारका सृजनाहरूको मूल्याङ्कन गरी सहभागी बालवालिकाहरूलाई विजयि घोषणा गर्नुका साथै सोही दिन सबै सहभागी बालवालिकाहरूलाई गोकर्णेश्र्वर नगरपालिकाका मेयर दिपक रिसालबाट प्रमाण पत्र प्रदान गरिने छ।सो प्रतियोगिताको सबै विधामा प्रथम द्धितीय तृतीय सहित सान्त्वना पुरस्कार पाप्त गर्ने दुई दुई जना सहभागीहरूलाई रमेश बिकलको जन्म दिवसको अवसर पारेर द्दण्डण सालको तिहारमा भाईटिकाको अघिल्लो दिन बिजेता सबै छात्रछात्राहरूलाई रमेश विकल साहित्यिक प्रतिष्ठानमा नै निमन्त्रणा गरी नगद पुरस्कार र प्रमाण पत्र वितरण गरिने कुरा रमेश विकल साहित्य प्रतिष्ठानका महा सचिव श्री वजय चालिसेले जानकारी गराउनु भएको छ।

# एउटा यस्तो रोमाञ्चक प्रेम कहानी



विष्णु भट्टराई





मेरी एने इभान्सको प्रेम कहानी सम्झन लायक छ। उनी इंग्ल्यान्डको युनिएटन नामक ग्रामीण बस्तीमा जन्मिएकी थिइन्। उनका बाबु पाउरोटी बेचेर परिवारको गर्जो टार्थे। मेरी राम्री भने थिइनन्। फुस्रो वर्ण, घोक्रिएको ठूलो नाक, टाँसिएको कपालले उनी कुरुप देखिन्थिन्। यद्यपि उनी सोझी थिइन्। उनका बालसखा हेनरी लिघ उनका बारेमा यसो भन्थे, मेरी अत्यन्त नराम्री विरुप थिइन्, उनको अनुहार घोडाको जस्तो थियो। मेरी र हेनरी साथी भएर पनि प्रेमबाट टाढा हुनुको कारण सायद मेरीको कुरुपपना नै थियो। उनको बिरुपबारे उनकै आफ्नै बहिनी एलिसिया समेत भन्थिन्, मेरीको रुप ढुसी परेको च्याउ जस्तै थियो।

मेरीको स्वभाव पनि अरुभन्दा फरक थियो। कहिले उनी खेतमा बसेर विरक्तका गाना गाउँथिन् त कहिले भाइसँग झगडा गर्दै लाप्पा खेल्थिन्। हातमा पुतली लिन्थिन् र त्यो पुतलीको टाउकामा निर्दयी भएर किला ठोक्थिन् अनि फेरि त्यसैलाई छातीमा टाँसेर रुन्थिन् उनी। जब उनी किशोरी वयमा उक्लिन् उनले धार्मिक किताब पढ्न थालिन्। जर्मन संगीतको अध्ययन र कवि विलियम वर्डस्वर्थका कविता पढ्नतिर उनको रुचि बढ्यो। चर्च र धार्मिक सभामा पनि मेरीको उपस्थिति बढ्दै गयो। उनी धार्मिक कट्टरपन र रुढीवादको कडा आलोचकका रुपमा देखा परिन्। तार्किक क्षमताकी धनी थिइन् उनी। ठूला दार्शनिकहरूका तर्क र विचार प्रमाणका रुपमा पेश गर्थिन् उनी। पुरुषतर्फ उनको आकर्षण पटक्कै थिएन। सारा हेन्नेल लेखिका थिइन्। उमेरमा सारा मेरीभन्दा सात वर्ष जेठी थिइन्। सारासँग नजिकिइन् मेरी। मेरीलाई उनको मादकताले खिज्याउन थालिसकेको थियो। उन्मुक्त वैंसले उनमा कामुकता थप्दै थियो। यस्तैमा एकजना युवा डाक्टरबाट उनलाई विवाह प्रस्ताव आयो। यसबारे उनले सहेली सारासँग सल्लाह मागिन्। सारा जो ३१ वर्षकी थिइन् भने मेरी २१ वर्षकी। दुवैले विवाहका विषयमा पत्र आदानप्रदान गरे। यो सन् १८४३ को कुरा थियो। हैरान यस अर्थमा थियो कि सहेली सारालाई पत्र लेख्दा मेरीले माइ हस्वेन्ड भनेर सम्बोधन गर्थिन्। सारा पनि मेरीलाई माई वाइफ भनेरै पत्रमा लेख्थिन्। झन्डै सात वर्षसम्म उनीहरूबीच यस्तो सम्बन्ध रहयो।

मेरी लण्डन पुगिन् र पत्रकारिता सुरु गरिन्। सन्१८५० मा मार्क्सवादी पत्रिका (वामपन्थी) वेस्ट मिनिस्टर गजेटमा सहायक सम्पादिका बनिन् उनी। नाम चलेका लेखकहरू र तिनबाट सिर्जित रचनाको दमदार आलोचना गर्न थालिन् उनले। उनी छिट्टै चर्चामा आइन्। पत्रिकाका सम्पादक जोन च्यापम्यानसँग केही समय इलु इलु पनि चल्यो मेरीको। तर यो इलु इलुले स्थायी रुप ग्रहण गर्न सकेन। पछि उनको भेट प्रसिद्ध लेखक तथा विचारक हर्बट स्पेन्सरसँग भयो। हर्बटको स्वभाव विचित्रकै थियो। उनी हरेक महिलालाई गणितको हिसाब सोच्थे। मेरी र हर्बटको स्वभाव बिल्कुलै फरक थियो र पनि दुवैजना एकल जीवन बिताउँदै आएकाले सामीप्यता बढ्न पुग्यो। एक्लो जीवनबाट दुवै दिकदार थिए। आपसी भेटघाट र चिनजान बेड पार्टनरमा परिणत भयो। दुवै एउटै ओछ्यानमा सँगै रात बिताउन थाले। तर यो सम्बन्ध पनि लामो समय टिकेन। फिजिकल रिलेसन भए पनि उनीहरूसँगै जीवन बिताउन नसक्ने महसुस गर्न थाले। हर्बटले एकदिन साँझको छायामा प्वाक्क भनिदिए, तिमी विचित्रकी छौ मेरी। तिमीसँग कुनै पनि पुरुषले सँगै जीवन बिताउन सक्दैन। हर्बटको भनाइले मेरीमा खासै प्रभाव पारेन। उनले कुनै प्रतिवाद गर्न पनि चाहिन्न। हर्बटलाई सजिलै आफ्नो जीवनबाट बाई बाई गरिन् उनले।

यतिबेलासम्म मेरीको उमेर ३२ वर्ष पुगिसकेको थियो। उनी अर्को पुरुष साथीको खोजीमा लागिन्। हर्बटलाई छोडेपछि उनी अनुवादतिर लागिन्। फायरवादका पुस्तकहरू र लेखहरू अनुवाद गर्दै जीवन गुजारा चलाउन थालिन्। उनको भेट १८५१ म जर्ज हेनरी लेबेससँग भयो। जर्ज कहलिएका साहित्यकार, समालोचक, दर्शनशास्त्र सम्बन्धी किताब लेखक थिए। उनका किताबहरूले राम्रो बजार लिएको थियो। उमेरमा हेनरी मेरीभन्दा दुई वर्ष जेठा थिए। हेनरी पनि कुरुप नै थिए मेरी जस्तै। उनी विवाहित थिए, चार सन्तानका बाबु। पत्नी आग्नेस जेभिर्सले हेनरीसँग दोस्रो विवाह गरेकी थिइन्। आग्नेसको पहिलो पति थोर्टन लिघ हन्ट थिए। थोर्टनतिरबाट पनि आग्नेसले तीन सन्तान जन्माएकी थिइन्। जर्ज हेनरी लेबेसको पत्रिकाका साझेदार रेनार्डसँग पनि आग्नेसको विशेष सम्बन्ध थियो। रेनार्ड वैभवशाली व्यक्ति थिए। जर्जले पत्रिकामा मेहनतसाथ काम गर्न थाले। उता रेनार्ड जर्जको अनुपस्थितिमा जर्जकै घरमा गएर आग्नेससँग शारीरिक सम्बन्ध राख्न थाले।

आग्नेस पनि रेनार्ड जस्तै धनी परिवारकी आइमाई थिइन्। फेरि रेनार्ड राम्रा पनि थिए। जर्ज जस्ता विरुप थिएनन्। सम्पत्ति र रुप दुवै थियो रेनार्डमा। एकदिनको घटनाले लेवेसलाई घायलै बनायो। जब उनी आफ्नो घर पुगे, आग्नेस थिइनन्। उनी त रेनार्डसँग भागिसकेकी थिइन् उनलाई छोडेर। यो घटनापछि उनको भेट मेरीसँग भएको थियो। लेवेस आईमाई भनेपछि निकै सशंकित हुन्थे। पहिलो भेटमै मेरीले लेवेसका रचनाको प्रशंसा गर्नुको सट्टा तिखो आलोचना गरिन्। यद्यपि पछि मेरीलाई लेवेसले सम्मानपूर्ण नजरले हेर्न थाले। मेरीले पनि व्यर्थैमा लेवेसका रचनाको आलोचना गरेकोमा पछुतो मानिन्। दुवैले एक अर्कालाई आदर गरे। यही आदर केही समयपछि प्रेममा परिणत भयो। मेरीले लेबेससँग विवाह गर्ने प्रस्ताव राखिन्। तर लेवेसले आग्नेसले धोका दिए पनि फेरि अर्को विवाह नगर्ने निर्णय सुनाए। साथै आर्थिक अवस्था पनि राम्रो नभएको जनाए। मेरीले विवाह नै नगरे पनि उनीसँग पत्नीको रुपमा रहेर जीवन बिताउने इच्छा प्रकट गरिन् र उनीहरू दुवै अविवाहित दम्पतीका रुपमा रहे। तर यो गोप्यता एकदिन उदांगियो। लेखक, बुद्धिजीवीहरूमाझ हल्ला फैलियो। कुरुप लेवेसले बूढी मेरीलाई भगाए। तर यो हल्लाको प्रभाव मेरी र लेवेसमा अलिकति पनि परेन। उनीहरू त हनिमुन मनाउन जर्मनी पो पुगे। फ्रयांकफर्ट, बर्लिन, वाइमर जस्ता सहरहरूमा उनीहरू रमाउन थाले। झन्डै एक महिना जर्मन घुमाइपछि उनीहरू इंग्ल्यान्ड फिर्ता भए।

इंग्ल्यान्ड आएपछि दुवैले फ्ल्याट लिएर बस्न थाले। मेरी अब मरियन इभान्स लेबेस बनिसकेकी थिइन्। बूढाबूढीको यो प्रेमलाई भने कसैले पनि मनपराएनन्। मेरीलाई आफ्नै बुबा र भाइहरूले अपमानित गरे। लेवेस पनि साथी भाइबाट टाढा भए। परिवार र साथीभाइको अपमान र घृणालाई दुवैले वास्ता गरेनन्। दुवै आफ्नै दुनियाँमा रमाउन थाले। मेरीले यही बीचमा 'एडम बिड' नामक उपन्यास लेखिन् र १८५९ मा उपन्यास प्रकाशित भयो। उपन्यासको लेखकको नाम जर्ज इलियट राखिएको थियो। आफू विवाहबाट आलोचित भएकाले पाठकहरूले नरुचाउने अनि चर्को आलोचना खप्नुपर्ने आशंका गर्दै उनले पुरुष लेखकको नाम दिएकी थिइन् उपन्यासको। गजब नै भयो- 'एडम बिड' ले ब्रिटेनमा तहल्का नै मच्चाइदियो। पहिलो पटक उपन्यासकारका रुपमा देखिएका जर्ज इलियटको सर्वत्र चर्चा चल्न थाल्यो। नयाँ पिँढीका लेखकहरूका त उनी आदर्श नै भए। लामो समयपछि जर्ज इलियट न्युनिएटनका बासिन्दा हुन् भन्ने कुरा पाठकहरूले थाहा पाए। इलियटलाई हेर्न न्युनिएटनमा भीड जम्मा हुन थाल्यो। तर इलियट कहीँ फेला परेनन्। सबै निराश भएर फर्किए। मेरी उर्फ इलियटले न्युनिएटन छोडिसकेकी थिइन्।

एडम बिड पुस्तक सर्वाधिक बिक्री भए पनि मेरीले कुनै रकम पाइनन्। बैंक बुड पत्रिकाका प्रकाशकले एक पैसा पनि मेरीलाई नदिई किताब छापेका थिए। चर्चित पुस्तक एडम बिड लेख्ने मेरी ऐनहरू मेरीलाई भेट्न र हेर्न उनको घर गए। मेरी कपड धुँदै थिइन्। मेरीको दयनीय अवस्थाले सबैलाई हतप्रभ बनायो। अब मेरीका बारेमा प्रायशः पत्रपत्रिकाले मुख्य समाचार बनाएर प्रकाशन गर्न थाले। जर्ज इलियट अर्थात् मेरी भोकले मर्दैछिन्। यो समाचार छापिएपछि मेरीतर्फ सहयोगका हातहरू अघि बढ्न थाले। उनलाई सहयोग गर्ने मान्छेहरूको ताँती लाग्न थाल्यो, उनको घरमा। तर मेरी एक्कासी घरबाट गायब भइन्। वास्तवमा उनी कसैको पनि सहयोग लिने पक्षमा थिइनन्। 'एनी वे दिस इज लाइफ' मै उनले चित्त बुझाएकी थिइन्। दुवैजनाले न्युनिएटन छोडे र कसैले थाहा नपाउने गरी टाढा गएर बस्न थाले। मेरीले लेबेससँग चौबीस वर्ष सँगै बिताइन्। लेबेसबाट यौनसन्तुष्टि पनि प्राप्त थियो उनलाई। उनी भन्ने गर्थिन्- मेरो दिमागमा नयाँ नयाँ विचार रातको रमाइलो पछि फुर्ने गरेको छ। तर मेरी कहिल्यै आमा बनिनन्। यौनसंसर्गका बेला प्राकृतिक गर्भनिरोधक उपाय दुवैले अपनाएको रहस्य उनले पछि खोलेकी थिइन्।

इलियटकै नामबाट सन् १८६० मा मेरीको दोस्रो पुस्तक (उपन्यास) 'द मिल अफ दि फोस' प्रकाशित भयो। १८६१ मा 'सिलास मार्नर' र १८७१ म 'ड्यायिल डेरोन्डा' लगायत सातवटा उपन्यास उनका प्रकाशित भए। 'दि स्पेनिस जिप्सी' अगाथा, अ मिरर प्रोफेट, दि डेथ अफ मोजेज, लिजेन्ड अफ जुबाल लगायत तेह्रवटा कविता संग्रह पनि उनले लेखिन्। उनले विगतमा मेरीको नामबाट जु अपमान र घृणा पाएकी थिइन्, त्यो इलियटको नामबाट फिर्ता भइसकेको थियो। अब उनी हरेकको नजरमा आदरणीय बनेकी थिइन्। नाम र दाम दुवै कमाइन उनले। उनीसँग वैभवशाली बंगला भयो, सुसारे, नोकरहरू घरमा भए, गाडीदेखि सबै वस्तु उनीसँग भए। एक समृद्ध जीवन बिताउन थालिन् मेरीले। तर लेबेस भने सन्तुष्ट बनेनन्। उनी जर्ज इलियटको नाठोका रुपमा समाजमा चिनिन थाले। १८७८ को नोभेम्बर २८ को बिहान उनी आफ्नो कोठाबाट बाहिर आएनन्। मेरी ब्रेकफास्टका लागि लेबेसलाई पर्खिरहेकी थिइन्। लामो इन्तजारपछि पनि लेबेस कोठाबाट बाहिर नआएपछि आफैं कोठाभित्र गइन्। उनले लेवेसलाई उठाउन खोजिन्। तर लेवेसको प्राणान्त भइसकेको थियो। तर उनी विचलित भइनन् न त आँसु नै खसाइन्। उनले घरमै बसेर कथा, निबन्ध, कविता, उपन्यास थुपै विधामा दख्खल जमाइन्। अभूतपूर्व सम्पत्तिकी मालिकिन भइन उनी। पछि उनले एडिथ सिमकोकससँग समलिंगी सम्बन्ध राखिन्। जो उनकी साथी थिइन्। लेवेस मरेको दुई वर्षपछि बैंकर जोन वाल्टर क्रससँग कानुनी बिहे गरिन्। जोन मेरीभन्दा २० वर्ष कन्छा थिए। मेरीको यो कार्यलाई समाजले उचित ठानेन। उनको सबैतिर आलोचना हुन थाल्यो। उत्ताउली पातकी बूढी भनिन थाल्यो उनलाई। मेरीलाई यो सब कुराको पर्वाह थिएन। उनी चालीस वर्षे क्रसलाई लिएर हनिमुन मनाउन इटाली गइन्। बूढी मेरीलाई जवानीमा फर्काएका थिए क्रसले। क्रससँगको सेक्समा मेरी औधी खुसी थिइन्। इटालीमा मस्तले हनिमुन मनाएर दुवै इंग्ल्यान्ड फर्किए। केही दिनपछि नै अचानक मेरी बिरामी भइन्। केही पहिलेदेखि नै उनको किड्नीमा समस्या देखिएको थियो। अब उनका दुवै किड्नीले काम गर्न छोड्दै गए। उनको घाँटीमा पनि इन्फेक्सन देखियो। भिक्टोरिया समयका ब्रिटेनका चर्चित लेखक जर्ज इलियटको १८८० डिसेम्बर २२ मा मृत्यु भयो। यिनै जर्ज इलियट मेरी थिइन्।

*(रिडर डाइजेस्टको सहयोगमा)*

# फ्रान्समा संसदीय संकट

पेरिस – फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले विवादित पेन्सन सुधार विधेयक संसद्लाई बाइपास गरेर पास गरेपछि फ्रान्समा संसदीय संकट उत्पन्न भएको छ।

उक्त विधेयक जनअपेक्षा विपरीत बहुविवादित रूपमा पारित गरेको भन्दै विपक्षी दलहरूले म्याक्रोन सरकारविरुद्ध शुक्रबार संसद्मा अविश्वासको मत दर्ता गरेपछि फ्रान्समा संसदीय संकट चुलिएको हो।

धारा ४९ ।३ को प्रयोगको आक्रोशले थप विषाक्त बहस निम्त्याउने र राष्ट्रिय सभामा थप विवाद निम्तिने देखिएको छ। विपक्षी दलहरूले शुक्रबार बोर्नको सरकारमाथि अविश्वासको प्रस्ताव राखेका थिए। अर्को साता उक्त प्रस्तावमाथि मतदान हुने भएको छ।

सरकारले संसदीय मूल्य र मान्यता तोड्दै गैरप्रजातान्त्रिक बाटोबाट विधेयक पास गरेको आरोप प्रतिपक्षी दलहरूले लगाएका छन्। प्रतिपक्षी दलहरूले म्याक्रोन सरकारविरुद्ध मतदान गर्न आह्वान गरेका छन्। मजदुर युनियनहरूले पनि राजनीतिक दलहरूलाई म्याक्रोनको कदमविरुद्ध उभिन अपिल गरेका छन्।

संसद्को माथिल्लो र तल्लो दुवै सदनबाट विधेयक पास नहुने संकेत देखेपछि सरकारले संवैधानिक विशेष धारा ४९ ।३ प्रयोग गर्दै बिहीबार संसद्बाट विधेयक पास भएको घोषणा गरेको थियो।

प्रतिपक्षी दल, आन्दोलनरत मजदुर युनियन र विश्लेषकहरूले उक्त धारालाई क्रूरताको प्रतीकका रूपमा लिएका छन्। उक्त प्रावधानले सरकार र लोकतान्त्रिक संस्था दुवैको समर्थनलाई कम गर्ने उनीहरूको भनाइ छ। सर्वेक्षणहरूले जनतालाई बेवास्ता गर्ने सरकारहरूप्रति आक्रोश बढेको देखाएका छन्।

फाउन्डेशन जीन-जौरेस थिंक ट्यांकका जनमत विज्ञ एन्टोनी ब्रिस्टिएलले संसदीय मतबिना यस्तो महत्त्वपूर्ण कानुन बनाउनुले देशलाई थप विरोध गर्ने र पहेँलो भेस्ट (येलो भेस्ट) विद्रोहीहरूको भावनालाई अझ गहिरो बनाउने उल्लेख गरेका छन्। उनले यसै हप्ता सार्वजनिक ईफोन संस्थाको सर्वेक्षणलाई औंल्याउँदै मिडियाहरूलाई भनेका छन्- '१० मध्ये लगभग आठ जनाले गत वर्षको राष्ट्रपति चुनावको पहिलो चरणमा म्याक्रोनलाई समर्थन गर्ने बहुसंख्यक मतदाताहरूसहित यस तरिकाले पास गर्ने विधानको विरोध गरेका छन्।'

अविश्वासको मतमाथि पर्याप्त संख्या जुटाउन बामपन्थी नेता जँ लुक मलँसो र गत राष्ट्रपतीय निर्वाचनमा म्याक्रोनसँग पराजित प्रभावशाली दक्षिणपन्थी नेता मारिन लपेनसमेत लागिपरेका छन्।

आफ्नो विवादित विधेयकको लागि पर्याप्त समर्थन प्राप्त गर्न असफल भएपछि, म्याक्रोनले अब विपक्षीहरूलाई पनि आफूतिर तान्ने प्रयत्न जारी राखेका छन्। आफ्नो सरकारलाई पतन गर्न पर्याप्त मतहरू जम्मा गर्न असफल बनाउने रणनीति उनको हो। यो रणनीतिले उनलाई पुनः निर्वाचित गराउन सक्ने/नसक्ने एकिन छैन। तर सरकार अगाडि बढ्ने संसदीय सहमति निर्माण गर्ने सम्भावनालाई भने



खतरामा पार्न सक्ने आकलन फ्रान्सेली मिडियाहरूको छ।

नेपालका लागि चिनियाँ अध्येताहरूको चिन्ता

बेइजिङ – चिनियाँ थिंक ट्याङ्क अर्थात् विचारक समूहले चीनका लागि दक्षिण एसिया प्रवेशको महत्त्वपूर्ण ढोका भएको नाताले नेपालले पर्याप्त फाइदा लिनसक्ने औंल्याएको छ। उनीहरूले विश्वका उदीयमान दुई अर्थतन्त्र भारत र चीनको बीचमा रहेको नेपालले राम्रा अवसरहरू छोप्नुपर्ने सुझाव दिए।

शुक्रबार बेइजिङस्थित नेपाली राजदूतावासले आयोजना गरेको नेपाल-चीन मैत्री विषयक अन्तर्क्रियामा सहभागी भएका थिंक ट्याङ्क, विभिन्न विश्वविद्यालयका प्राध्यापकहरू, नेपाल तथा दक्षिण एसिया मामिला हेर्ने विज्ञहरू लगायतले यस्तो धारणा राखेका हुन्।

हपेई युनिभर्सिटी अफ इकोनोमिक एण्ड बिजनेस, नेपाल अध्ययन केन्द्रका निर्देशक चाङ शुपिनले चीनले अघि सारेको बीआरआई परियोजनालाई एमसीसीसँग तुलना गर्न नमिल्ने बताए। उनले अमेरिकाको एमसीसी अनुदान यथार्थमा स्वार्थकेन्द्रित भएकोतर्फ नेपाली सचेत हुनुपर्ने बताए। बीआरआईप्रति नेपालीको धारणा स्पष्ट नभएको भन्दै उनले यो कुनै अनुदान नभएर साझा सहकार्यमूलक परियोजना भएको दाबी गरे। उनले भने, 'बीआरआई अनुदान दिनेभन्दा 'विन विन'को अवधारणाले सहकार्य गरिने परियोजना हो।'

दक्षिण एसिया मामिला विज्ञ एवं चाइना इन्स्टिच्युट अफ कन्टेम्पोररी इन्टरनेशनल रिलेसन (सीआईसीआईआर) का निर्देशक प्राध्यापक हू श् शङले नेपाल र चीनबीच निकै सुमधुर सम्बन्धमा खासै उतारचढाव नहुने गरेको चर्चा गरे। उनले दक्षिण एसियाका दुई ठूला मुलुकका बीचमा रहेर पनि नेपालले सन्तुलित सम्बन्ध बनाएको भन्दै उदीयमान अर्थतन्त्रबाट फाइदा लिनसक्नुपर्ने औंल्याए।

उनले भने, 'नेपाल र चीनबीचको सम्बन्धमा कहिलेकाहीँ उतारचढाव जस्तो देखिए पनि अन्ततः त्यस्तो हुँदैन। चीनको दक्षिण एसियाली 'गेटवे' भएकाले नेपालले फाइदा उठाउने प्रयास गर्नुपर्छ।'

अन्तर्क्रियामा सहभागी भएका चीनका विभिन्न विश्वविद्यालयका प्राध्यापकहरूले समग्रमा असल सम्बन्धका कारण नेपाल चीन सम्बन्ध स्थिर रहेको चर्चा गरे। चीनका विभिन्न भेगबाट बेइजिङमा आएका विज्ञहरूले नेपाल-चीन सम्बन्धमा विभिन्न आयामहरूका बारेमा सकारात्मक धारणा राखे।

शनचन युनिभर्सिटी अन्तर्गत कलेज अफ इन्टरनेश्नल स्टडिजका डिन प्राध्यापक ताई योङहोङले नयाँ चीन स्थापना लगत्तै चीनले नेपालमा बौद्ध मन्दिर बनाएको प्रसंग उठाउँदै नेपाल चीनबीच सांस्कृतिक सम्बन्ध पनि गहिरो रहेको सुनाए। शनचन अहिले प्रविधिको अग्रणी सहर भएकाले यहाँको प्रविधिमार्फत् नेपालले पनि फाइदा लिनसक्नेमा उनले जोड दिए।

अन्तर्क्रियामा चाइना इन्स्टिच्युट अफ इन्टरनेश्नल स्टडिजका उपाध्यक्ष डा. रोङ यिङ, चाइनिज एकेडेमी अफ साइन्सका प्राध्यापक याओ थानतोङ, इस्ट चाइना नर्मल युनिभर्सिटी, इन्स्टिच्युट अल एरिया स्टडिजका उपनिर्देशक डा. छन् स्याओछन्, सिचुवान युनिभर्सिटीको दक्षिण एसिया अध्ययन इन्स्टिच्युट अन्तर्गत नेपाल अध्ययन केन्द्रका निर्देशक ह्वाङ चङत्वो, विश्व मामिला, छङ्तु इन्स्टिच्युटका डा. वाङ स्याओयिङ, छिङ्ह्वा विश्वविद्यालय, बीआरआई इन्स्टिच्युटका फेलो रिसर्चर डा. लु याङ लगायतले इतिहासकादेखि नै नेपाल र चीनबीच सामाजिक तथा सांस्कृतिक सम्बन्ध निकै बलियो रहेकोमा जोड दिए।

उनीहरूको भनाइमा हाल चीनमा पढ्ने नेपाली विद्यार्थीहरूका कारण पनि जनस्तरीय सम्बन्ध उकासिएको छ। कार्यक्रममा भाग लिन चीनका विभिन्न स्थानबाट आएका चिनियाँ प्राध्यापकहरूले पीएचडी अध्ययन गर्ने केही नेपाली विद्यार्थीहरूलाई पनि साथमै ल्याएका थिए।

चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले विज्ञहरू नै जनस्तरका सन्देश संवाहक तथा सरकारका अघोषित सल्लाहकार भएकाले आपसी सम्बन्धलाई घनिष्ठ बनाउन सक्ने भएकाले यस्तो अन्तर्क्रिया आयोजना गरिएको जानकारी दिए।

आफ्नो जीवनकालभर नेपाल र दक्षिण एसिया मामिलामा गरेको अध्ययनका लागि ९० वर्षीय चिन्तक प्राध्यापक वाङ होङवेइलाई राजदूत श्रेष्ठले 'गेस्ट अफ अनर'ले सम्मानित गरे।

*एजेन्सीहरुको सहयोगमा*

# वार्षिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

## मेष

वर्षारम्भ आसलाग्दो देखिए पनि बीचमा केही कठिनाइ र उतारचढाव देखापर्नेछन् भने मध्यान्तरपछि कर्मयोगले उचाइ लिनेछ। वर्षको अन्त्यतिर विशेष उपलब्धि प्राप्त गर्न सफल भइनेछ। खर्चभावमा वर्षभरि बृहस्पतिको उपस्थितिले सन्तोषजनक आर्थिक उपलब्धि नहुन सक्छ। बृहस्पतिको प्रभावले धर्मकर्म, समाजसेवा र परोपकारी काममा मात्र धन खर्च गरिनेछ। मस्तिष्कभावमा राहुको उपस्थितिले काम, क्रोध, लोभ, मोह जस्ता भावले प्रश्रय पाउनेछन्। असार र साउनमा मंगल-राहुको युतिसम्बन्धले मनोविकार निम्त्याउनुका साथै अरूको दबाब सहन गर्न नसक्दा विद्रोही भावना जागृत हुने देखिन्छ। जन्मकुण्डलीमा राहु र मंगल प्रतिकूल हुनेहरूलाई परिस्थितिले विवादास्पद भूमिकामा अवतरण गराउन सक्छ। जेठको मध्यदेखि असोजसम्म काममा अवरोध, विलम्ब, अपयश, आलोचना जस्ता विघ्नबाधा आउनेछन्। तर, माघपछि कर्मसिद्धि हुनुका साथै आयस्रोत सबल बन्ने देखिन्छ। समग्रमा यो वर्ष पेसातर्फ ठूलो आर्थिक उपलब्धि नभए पनि पछि फाइदा हुने काम प्रारम्भ हुनेछ। वर्षको अन्त्यतिर मंगलमय कार्य सम्पादन हुनेछ। प्रतिकूल समयमा अशुभ ग्रहको शान्ति र आफ्ना इष्टदेवताको पूजा-आराधना गर्दा मन विकाररहित हुनेछ र सम्भावित समस्या टर्नेछन्। राहुजन्य कर्मदोष निवारण गर्न वटुकभैरव र छिन्नमस्ताको पूजा गर्नुहोला। मंगल, बृहस्पति र शनिका प्रतिकूल प्रभावबाट मुक्त हुन र शुभफल प्राप्त गर्न क्रमशः गणेश, हनुमानजी, बगलामुखी र काली भगवतीको पूजा-आराधना गर्नुहोला। वैशाख, साउन, मंसिर र चैत महिना स्वास्थ्यका लागि प्रतिकूल रहनेछन् भने असार, असोज, माघ र फागुन महिनामा विशेष अर्थलाभ हुनेछ।

## वृष

यो वर्ष सामान्य पृष्ठभूमिबाट सफलताको उचाइतर्फ आरोहण गर्ने अवसर प्राप्त हुनेछ। आयभावमा रहने बृहस्पतिको अनुकूलताले लक्ष्यअनुसारको काम सम्पादन भई मनग्य आम्दानी हुनेछ। सुरुको मिहिनेतले वर्षभरि फाइदा दिनेछ। अग्रजहरूको सहयोग र सद्भाव प्राप्त हुनाले महत्त्वाकांक्षी काम प्रारम्भ गर्न सकिनेछ। सुरुमा भौतिक स्रोत-साधन जुटाउन सफल भइनेछ। तर शनि र राहुको प्रतिकूलताले फजुल खर्च, आर्थिक मन्दी र व्यावहारिक उतारचढाव पनि देखापर्न सक्छन्। असारको मध्यान्तरदेखि मंगल-राहुको युतिसम्बन्धले धनहानि, भौतिक साधनमा क्षति, पाउमा चोटपटक, आर्थिक संकट, वैदेशिक रोजगारीमा समस्या आदि निम्त्याउने सम्भावना छ। खर्चभावमा राहुको प्रभावले वर्षभरि नै धनसंग्रहमा बाधा पुग्नेछ। भदौदेखि फागुनसम्म मस्तिष्कभावमा मंगलको उपस्थितिले क्रोध, अधैर्य तथा विद्रोही भावना जागृत हुने देखिन्छ। आयभावका बृहस्पतिमाथि शनिको प्रभावले माघसम्म आयस्रोत कमजोर रहनेछ। तर केही समय लागे पनि समग्रमा बृहस्पतिको अनुकूल प्रभावले श्रम र मिहिनेतलाई सजिलै रकममा रूपान्तरण गर्न सकिनेछ। यो वर्ष भाग्यले असल जीवनसाथी जुराउने हुँदा गृहस्थीको बलियो जग बस्नेछ। माघपछि कर्मसिद्धि हुनुका साथै आयस्रोत सबल बन्ने देखिन्छ। नयाँ उपलब्धि प्राप्त हुने सम्भावना देखिएकाले वर्षभरि मिहिनेत गर्नुहोला। प्रतिकूल समयमा अशुभ ग्रहको शान्ति र आफ्ना इष्टदेवताको पूजा-आराधना गर्दा मन विकाररहित हुनेछ र सम्भावित समस्या टर्नेछन्। राहुजन्य कर्मदोष निवारण गर्न वटुकभैरव र छिन्नमस्ताको पूजा गर्नुहोला। मंगल र शनिका प्रतिकूल प्रभावबाट सुरक्षित रहन र शुभफल प्राप्त गर्न क्रमशः गणेश र काली भगवतीको पूजा-आराधना गर्नुहोला। वैशाख, जेठ, भदौ र पुस महिना स्वास्थ्यका लागि प्रतिकूल रहनेछन् भने साउन, कार्तिक, फागुन र चैत महिनामा लाभ हुनेछ।

## मिथुन

यो वर्ष अवसर र चुनौतीका शृंखला दोहोरिए पनि कर्मसाधनाबाट राम्रो आर्थिक उपलब्धि प्राप्त गर्न सफल भइनेछ। कर्मभावमा बृहस्पतिको प्रभावले महत्त्वाकांक्षी काम प्रारम्भ हनेछ। आयस्रोतमा राहुको उपस्थितिले आयआर्जन सबल बन्नेछ। तर यसका निमित्त साम, दाम, दण्ड, भेद जस्ता नीतिसमेत अंगीकार हुन सक्छन्। बृहस्पतिमाथि शनिको दृष्टिप्रभावले प्रतिकूल परिस्थिति सामना गर्नुपर्ने हुन सक्छ। कष्टभावका शनिको अढैया समेत रहेकाले चोटपटक, काममा अवरोध, विलम्ब, अपयश, आलोचना जस्ता विघ्नबाधा आइरहनेछन्। अधिक खर्च हुनाले आर्जित रकम सञ्चय नहुन सक्छ। जन्मकुण्डलीमा केतु कमजोर हुनेहरूलाई वर्षभरि पेटको समस्याले सताउन सक्छ। भदौदेखि खर्चभावमा मंगलको उपस्थितिले धनमाल चोरी वा नष्ट हुने सम्भावना छ। भौतिक साधन मर्मतसम्भारमा अधिक खर्च हुनेछ। पाउमा चोटपटकको योगसमेत रहेकाले हतियार र सवारी साधन होसियारपूर्वक चलाउनुहोला। समग्रमा आर्थिक रूपले वर्ष फलदायी रहनेछ। आफ्ना इष्टदेवताको आराधनाका साथै प्रतिकूल ग्रहहरूको शान्तिकर्म गर्नाले अप्ठ्यारो समयमा पनि फाइदा हुनेछ। मंगल र बृहस्पतिका प्रतिकूल प्रभावबाट सुरक्षित रहन र शुभफल प्राप्त गर्न क्रमशः गणेश र बगलामुखी भगवतीको पूजा-आराधना गर्नुहोला। महाँकाल, हनुमान र काली भगवतीको पूजा-आराधना गर्नाले र शनिवार पीपलको पूजा गरी जल चढाउनाले शनिदेवको दुष्प्रभावबाट मुक्त भइनेछ। केतुको दुष्प्रभाव कम गर्न वटुकभैरवको पूजा गर्नुहोला। जेठ, असार, असोज र माघ महिना स्वास्थ्यका लागि प्रतिकूल रहनेछन् भने वैशाख, भाद्र, मंसिर र चैत्र महिनामा अधिक लाभ हुनेछ।

## कर्कट

यो वर्ष सामान्य पृष्ठभूमिबाटै सफलताको उचाइतर्फ आरोहण गर्ने अवसर प्राप्त हुनेछ। व्यावहारिक उल्झनका बाबजुद कर्मयोगबाट उत्साहजनक उपलब्धि प्राप्त गर्न सकिनेछ। भविष्यका लागि बलियो आधार बन्ने दिगो काममा प्रवृत्त भइनेछ। भाग्य भावमा बृहस्पतिको अनुकूल प्रभावले वर्षभरि विभिन्न अवसर प्राप्त भइरहनेछन्। नोकरीमा प्रवेश, पदोन्नति वा अनुकूल स्थानान्तरण हुने बलियो सम्भावना छ। गृहभावमा केतु रहने हुँदा घरेलु समस्यासँग संघर्ष गर्नुपर्ला। केतुको प्रभावले मन अशान्त रहनेछ भने सगोलको सम्पत्तिमा भागबन्डा लाग्न सक्छ। कर्मभावमा राहुको उपस्थितिले बेलाबेला विद्रोहीहरूको दबाब र झमेला निम्त्याउने देखिन्छ। असार-साउनतिर केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। भाद्रपछि स्थिति अनुकूल बन्नुका साथै सम्पादित कर्मले कीर्तिमानी समेत दिलाउन सक्छ। मंगलको प्रभावले भदौदेखि फागुनसम्म चौतर्फी आम्दानीका ढोकाहरू खुल्नेछन्। सदाचारमा नरहने र जन्मकुण्डलीमा शनि प्रतिकूल हुनेहरूलाई आलस्य, ढिलासुस्ती, अध्ययन र खानपानमा अरुचि, कार्यबाधा र अर्थहानि जस्ता समस्या आउनेछन्। सदाचारी र कर्मयोगीहरूलाई भने यो वर्ष अत्यन्त शुभफलदायी रहनेछ। मिहिनेतले वर्षको उत्तरार्धमा सफलताको उचाइमा पुर्याउन सक्छ। विभिन्न उपलब्धि र भौतिक साधन जुटाउन सफल भइनेछ। प्रतिकूल ग्रहदोषबाट मुक्त हुन सम्बद्ध ग्रहहरूको पूजा, जप, अनुष्ठान गर्न सकिन्छ। शनिका लागि काली भगवती र हनुमानको आराधनाका साथै शनिवार पीपलको पूजा गरी जल चढाउनाले फाइदा हुनेछ। केतुको दुष्प्रभाव कम गर्न वटुकभैरवको पूजा गर्नुहोला। असार, साउन, कार्तिक र फागुन महिना स्वास्थ्यका लागि प्रतिकूल रहनेछन् भने वैशाख, जेठ, असोज र पुस महिना अधिक शुभफलदायी रहनेछन्।

## सिंह

यो वर्ष केही उतारचढावमय रहनेछ। आसलाग्दो मध्यम परिवेशबाट सफलताको मध्यम उचाइसम्मको उपलब्धि हातलागी हुनेछ र लगानीमार्फत भविष्यका लागि बलियो आधार तयार पार्न सफल भइनेछ। वर्षभरि बृहस्पति कष्टभावमा रहनाले काम रोकिनुका साथै लक्ष्य प्राप्त गर्न समस्या पर्नेछ। धर्मभावमा राहुको उपस्थितिले सेवा, संस्कार र धर्मको बाटो साँघुरिनेछ भने काम, क्रोध, लोभ, मोह जस्ता प्रवृत्तिले प्रश्रय पाउनेछन्। अरूको धन, धर्मसंस्कृति तथा रहनसहनप्रति मोह जाग्नेछ। आत्मअनुशासन पालना नगर्दा सामाजिक लोकप्रिय छविमा प्रश्न उठ्न सक्छ। सदाचार र कर्मयोगमा विश्वास गर्नेहरूलाई भने यो वर्ष शुभफलदायक नै रहनेछ। शत्रुभावमा शनिदेवको प्रभावले रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ। यस्तै, उद्योग तथा पराक्रम भावमा रहने केतुको प्रभावले उद्यमशील बन्न प्रेरित गर्नेछ। भदौदेखि मंगलको प्रभाव राज्य तथा कर्मभावमा रहने हुँदा पद-प्रतिष्ठा प्राप्त हुनेछ। पेसा-व्यवसायमा जोस-जाँगर बढ्नेछ। पुरानो व्यवसायमा नयाँ प्रविधि भित्रिनेछन्। वर्षभरि सदाचारमा रहेर बाधक ग्रहहरूको पूजा, जप, अनुष्ठान गर्नाले प्रतिकूल प्रभावबाट मुक्त भई शुभफल प्राप्त गर्न सकिन्छ। बृहस्पतिका लागि नियमित शिवजी र बगलामुखी भगवतीको पूजा-आराधना गर्नाले र राहुका लागि वटुकभैरव र छिन्नमस्ता भगवतीको पूजा-उपासना गर्नाले पनि ग्रहदोष निवारण हुनेछ। यस्तै आफ्ना इष्टदेवको नियमित पूजा-उपासनाले पनि शुभफल प्राप्त हुनेछ। साउन, भदौ, मंसिर र चैत महिना स्वास्थ्यका लागि प्रतिकूल रहनेछन् भने जेठ, असार, कार्तिक र माघ महिना अधिक लाभदायक रहनेछन्।

## कन्या

यो वर्ष उत्साहजनक उपलब्धि हासिल गर्दै सफलताको उचाइतर्फ आरोहण गर्ने अवसर प्राप्त हुनेछ। प्रारम्भमा स्वास्थ्यबाधा र बीचमा केही संघर्षमय परिस्थिति आए पनि वर्षको अन्त्यतिर विशेष उपलब्धि प्राप्त गर्न सफल भइनेछ। बृहस्पतिको अनुकूल प्रभावले यो वर्ष विभिन्न अवसर प्राप्त हुनेछन्। पेसा-व्यवसायमा स्थापित भइनेछ र लक्ष्यअनुसारको काम गर्दै आर्थिक स्थितिमा सुधार ल्याउन सकिनेछ। सवारी, घरजग्गा तथा अन्य चल-अचल सम्पत्ति जोड्ने प्रबल ग्रहयोग छ। भाग्यले असल जीवनसाथी जुराउने हुँदा गृहस्थीको बलियो जग बस्नेछ। असारको मध्यान्तरदेखि भदौ पहिलो सातासम्म कष्टभावमा मंगल-राहुको संयोगले दुर्घटना, चोटपटक आदि निम्त्याउने सम्भावना रहन्छ, सजग रहनुहोला। माघ २७ पछि राहु शनिको दृष्टिपथमा रहने हुँदा पहिलेका विघ्नबाधा पुनः दोहोरिन सक्छन्। माघसम्म पुत्रभावमा शनिको प्रभाव रहने हुँदा सन्तानप्रतिको चिन्ताले सताउनेछ। पेटको समस्याले अध्ययनमा बाधा, काममा विलम्ब, अपयश र अर्थहानि जस्ता समस्या पनि आइरहनेछन्। वर्षको अन्त्यमा शनिको राशि परिवर्तनले स्थितिमा सुधार आउनुका साथै रोकिएका काम बन्न थाल्नेछन्। रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ। वर्षभरि केतुको प्रभावले धन सञ्चयमा बाधा, आलोचना र वादविवाद निम्त्याउन सक्छ। तापनि बृहस्पतिको प्रतिबद्ध स्वभावले वर्षभरि काममा प्रवृत्त भइनेछ। प्रतिकूल गोचरीय ग्रहहरू जन्मकुण्डलीमा कमजोर हुनेहरूले सम्बद्ध ग्रहको विधिपूर्वक शान्ति र पूजाआराधना गर्नुहोला। शनिको प्रतिकूल समयमा शनिवार पीपलमा जल चढाउनुका साथै नियमित काली भगवतीको पूजा-आराधना गर्नाले फाइदा हुनेछ। वटुकभैरव र छिन्नमस्ता भगवतीको दर्शन-पूजा गर्नाले राहु र केतुको प्रतिकूल प्रभाव कम भई लाभ मिल्नेछ। नयाँ काम थाल्न वैशाख, भदौ, असोज र पुस महिना प्रतिकूल हुनेछन् भने असार, साउन, मंसिर र फागुन महिना अधिक लाभदायक रहनेछन्।

## तुला

यो वर्षको सुरुमा आसलाग्दो परिवेश देखिए पनि बीचमा केही अवरोहण हुँदै शक्तिक्षय र आर्थिक मन्दी जस्ता समस्यासँग जुध्नुपर्ने देखिन्छ। तापनि खर्चिलो र विवादास्पद काम सम्पादन गरी वर्षको अन्त्यमा समस्या सुल्झाउन सफल भइनेछ। वर्षभरि बृहस्पति शत्रुभावमा रहने हुँदा पहिलेका उपलब्धिहरू जोगाउन मुस्किल पर्ने देखिन्छ। अध्ययनमा पनि प्रगतिको मार्ग अवरुद्ध हुन सक्छ। काममा उल्झन र नोकरीमा अपजस प्राप्त हुनाले मन खिन्न रहनेछ। भदौदेखि फागुनसम्म कष्टभावमा रहने मंगलको प्रभावले चोटपटक, दुर्घटना आदि निम्त्याउने हुँदा जोखिमपूर्ण काम गर्दा सजग रहनुहोला। वर्षभरि सुखभावमा रहने शनिको अढैया प्रभावले मन अशान्त भइरहनेछ। वर्षको अन्त्यतिर स्थितिमा सुधार आउनेछ भने रोकिएको काम पुनः सम्पादन हुनेछ। असारको मध्यान्तरपछि भदौको पहिलो सातासम्म दाम्पत्यभावमा हुने मंगल-राहुको संयोगले घरमा अशान्ति रोग र कलह निम्त्याउन सक्छ। ग्रहहरूको प्रतिकूल प्रभावबाट मुक्त रही शुभफल प्राप्त गर्न ग्रहहरूको विशेष साधना र अनुष्ठान गर्नुहोला। सदैव मंगलदायक गणेशजीको पूजा गर्दा मंगलदोष शान्त हुनेछ। शिवजी र बगलामुखीको पूजा-आराधनाले बृहस्पतिको दुष्प्रभाव कम हुनेछ। वटुकभैरव र छिन्नमस्ता भगवतीको पूजा गर्नाले राहु र केतुको ग्रहदोष शान्त हुनेछ। शनिको प्रतिकूल प्रभावबाट मुक्त हुन आफ्ना इष्टदेवता, हनुमानजी, महांकाल र काली भगवतीको उपासना गर्नुहोला। शनिवार पीपलको पूजा गरी जल चढाउनाले पनि फाइदा हुनेछ। जेठ, असोज, कार्तिक र माघ महिना प्रतिकूल हुनेछन् भने साउन, भदौ, पुस र चैत महिना अधिक लाभदायक रहनेछन्।

## वृश्चिक

यो वर्ष ग्रहहरूको अनुकूल प्रभावले सामान्य परिवेशबाट विशेष अवसरको लाभ लिँदै उत्साहजनक सफलताको उचाइतर्फ आरोहण गर्ने सौभाग्य प्राप्त हुनेछ। सञ्चित र आर्जित कर्मफलको उपयोग गर्दै जीवनशैलीमा परिवर्तन ल्याउन सफल भइनेछ। विद्याभावमा स्थित बृहस्पतिको प्रभावले वर्षभरि विभिन्न अवसर प्राप्त भइरहनेछन्। नयाँ उपलब्धि प्राप्त हुने सम्भावना देखिएकाले वर्षभरि मिहिनेत गर्नुहोला। राहुको अनुकूल प्रभावले रोग, शत्रु र प्रतिस्पर्धीहरू परास्त हुनेछन्। विभिन्न भौतिक स्रोत-साधन जुटाउन सफल भइनेछ। यन्त्र-उपकरण र प्रविधिमा काम गर्नेहरूलाई विशेष फाइदा हुनेछ। राजनीतिमा लाग्नेहरूलाई पद-प्रतिष्ठा प्राप्त हुने बलियो सम्भावना छ। महत्त्वाकांक्षी योजनाहरू अघि बढ्नेछन् भने लामो समयदेखि अड्किएका काम पनि सम्पादन हुनेछन्। भदौदेखि दाम्पत्यभावमा मंगलको प्रभाव रहने हुँदा पतिपत्नीमा असमझदारी बढ्न सक्छ। प्रियजनको समस्या साक्षात्कार गर्न नसक्दा सुमधुर सम्बन्धमा समेत दरार आउन सक्छ। माघको अन्त्यमा प्रारम्भ हुने शनिको अढैया प्रभावले पनि पारिवारिक माहोल अशान्त बन्नेछ। परिस्थितिवश पहिलेका उपलब्धि जोगाउन समस्या पर्नेछ, सजग रहनुहोला। मंगल र केतुको प्रतिकूल प्रभावबाट जोगिन क्रमशः गणेश र वटुकभैरवको पूजा-आराधना गर्नुहोला। नियमित हनुमानचालीसा पाठ गर्नाले र आफ्ना इष्टदेव-देवीको पूजा-आराधना गर्नाले पनि फाइदा भइरहनेछ। वैशाख, भदौ, असोज र माघ महिनामा गरेका प्रयासहरू सकारात्मक रहनेछन् भने असार, कार्तिक, मंसिर र फागुन महिनामा अलि हानि हुन सक्छ।

## धनु

यस वर्षको प्रारम्भ आसलाग्दो देखिए पनि बीचमा केही कठिनाइ र उतारचढाव देखापर्ने छन् भने वर्षको अन्त्यमा कर्मयोगले उचाइ लिनेछ र महत्त्वपूर्ण उपलब्धि हातपार्न सफल भइनेछ। वर्षभरि गृहसुखमा रहने बृहस्पतिको स्वाभिमानी प्रवृत्तिले आफन्तमा मतभेद उत्पन्न गराउनेछ। राहुको प्रतिकूल प्रभावले सन्तानको भविष्यप्रति चिन्ता बढ्नेछ। वर्षभरि पेटको समस्याले सताउन सक्छ। असारको मध्यान्तरपछि भदौ पहिलो सातासम्म हुने मंगल-राहुको संयोगले विवादास्पद कर्मको भागीदार बनाउन सक्छ। जन्मकुण्डलीमा प्रतिकूल राहु हुनेहरूलाई लाञ्छना, अर्थहानि, वादविवाद जस्ता समस्या देखा पर्नेछन्। धन तथा वाणीभावमा रहने शनिदेवको अन्त्य साढेसाती चल्ने हुँदा विभिन्न व्यवधानसँग संघर्ष पनि भइरहनेछ। जन्मकुण्डलीमा शनि प्रतिकूल हुनेहरूलाई झुटा आरोप, काममा विलम्ब, अर्थ अभाव, मानहानि जस्ता समस्या आइरहनेछन्। आयभावमा केतुको उपस्थितिले वर्षभरि आम्दानीका स्रोतहरू जुट्नेछन् र आइपरेका समस्या सजिलै समाधान गर्न सकिनेछ। भदौदेखि शत्रुभावमा मंगलको प्रभावले रोग र शत्रुमाथि विजय प्राप्त हुनेछ। प्रयत्न गर्दा नोकरीमा प्रवेश, पदोन्नति वा अनुकूल स्थानान्तरण हुन सक्छ। माघको अन्त्यमा शनिको राशि परिवर्तनले स्थितिमा थप सुधार आउनेछ। लामो समयदेखि रोकिएका काम सम्पादन हुनुका साथै विभिन्न अवसर प्राप्त हुनेछन्। प्रतिकूल ग्रहहरूको दुष्प्रभाव कम गरी अवसरको लाभ उठाउन अनिष्ट ग्रहको शान्ति र आफ्ना इष्टदेवताको पूजा-आराधना गर्नुहोला। शनिदोष निवारणका लागि कालीको पूजा र प्रत्येक शनिबार पीपलमा जल चढाउनाले, बृहस्पतिका लागि बगलामुखी र शिवजीको पूजा गर्नाले र राहुको शान्तिका लागि वटुकभैरवको दर्शन-पूजा गर्नाले लाभ हुनेछ। जेठ, असोज, कार्तिक र फागुन महिनामा गरेका प्रयासहरू सकारात्मक रहनेछन् भने साउन, मंसिर, पुस र चैत महिनामा अलि हानि हुन सक्छ।

## मकर

यो वर्ष केही अवसर प्राप्त भए पनि व्यावहारिक समस्या र आर्थिक मन्दीले दैनिकीलाई संघर्षको मैदानमा अवतरण गराउन सक्छ। वर्षारम्भदेखि नै चुनौतीपूर्ण जिम्मेवारी अँगाल्दै लक्ष्यतर्फ अग्रसर भइनेछ र सुरुको संक्रमण पार गर्दै केही उपलब्धि प्राप्त गर्न सफल भइनेछ। माघसम्म मस्तिष्कभावमा रहने शनिको मध्य साढेसाती प्रभावले काम, क्रोध आदि प्रवृत्ति अनियन्त्रित बन्नुका साथै जन्मकुण्डलीमा शनिदेव प्रतिकूल हुनेहरूलाई झुटा आरोप, काममा विलम्ब, आर्थिक कठिनाइ, मानहानि जस्ता समस्या आइलाग्नेछन्। मंगलको प्रभावले साउनसम्म दाजुभाइ र आफन्तमा मतभेद हुने देखिन्छ। सगोलको पैत्रिक सम्पत्ति र साझेदारीमा वादविवाद आउने सम्भावना छ। सुखभावमा राहुको उपस्थितिले पारिवारिक माहोल अशान्त रहनेछ। कृषि तथा पशु-चौपायामा हानि, घरजग्गामा किचलो र आफन्तजनमा वैरभाव नित्याउने हुँदा सजग रहनुपर्नेछ। यही वर्ष अंशीयार दाजुभाइबीच भागबन्डा लाग्न सक्छ। मातापिताको स्वास्थ्य कमजोर हुनाले त्यसप्रति चिन्ता बढ्नेछ भने परिस्थितिको परीक्षामा खरो उत्रनुपर्ने समय छ। कर्मभावमा केतुको प्रभावले अधुरा काम गर्ने उत्साह प्राप्त भए पनि कर्मक्षेत्रका समस्या सुल्झाउन निकै प्रयत्न गर्नुपर्नेछ। महाँकाल, हनुमान र काली भगवतीको पूजा गर्नाले र शनिवार पीपलको पूजा गरी जल चढाउनाले शनिदेवको दुष्प्रभावबाट मुक्त भइनेछ। बटुकभैरव र छिन्नमस्ताको पूजा गर्दा राहुदोष शान्त हुनेछ। गणेश र बगलामुखी भगवतीको दर्शन-पूजा गर्दा मंगल र बृहस्पतिको दोष पनि शान्त हुनेछ। असार, कार्तिक, मंसिर र चैत महिनामा विशेष फाइदा हुनेछ भने वैशाख, भदौ, पुस र माघ महिना अलि प्रतिकूल रहनेछन्।

## कुम्भ

यो वर्ष उत्साहजनक उपलब्धि हासिल गर्दै सफलताको उचाइतर्फ आरोहण गर्ने अवसर प्राप्त हुनेछ। धन आर्जनका विभिन्न स्रोत भेटिनेछन् र अधिक खर्च हुँदा समेत सन्तुलन कायम राख्न सफल भइनेछ। वर्षभरि धनभावमा बृहस्पतिको उपस्थितिले मंगलमय कृत्यहरूको कर्ता बन्ने सौभाग्य प्राप्त हुनेछ। आम्दानी पनि प्रशस्तै हुनेछ। भदौदेखि फागुनसम्म रहने मंगलको प्रभावले पारिवारिक माहोल अशान्त रहनेछ। भाग्यभावमा केतुको प्रभावले धार्मिक क्षेत्रको भ्रमण हुन सक्छ। तर सेवाका नाउँमा फाइदा उठाउने प्रवृत्तिले आलोचित बन्नुपर्नेछ। खर्चभावमा शनिको उपस्थितिले खर्चिला काम गर्न बाध्य भइनेछ। सञ्चित रकम सकिनाले थालेको काम रोकिन सक्छ। धेरै लगानी गरेको कामबाट न्यून प्रतिफल प्राप्त हुनेछ। वर्षभरि शनिको आद्य र मध्य साढेसाती रहने हुँदा स्वास्थ्यमा बाधा र आर्थिक क्रियाकलापमा मन्दी आउनेछ। जन्मकुण्डलीमा शनि प्रतिकूल हुनेहरूलाई झुटा आरोप, काममा विलम्ब, अर्थ अभाव, मानहानि, परिवारमा मतभेद जस्ता समस्या आउन सक्छन्। समग्रमा सामान्य घरायसी विवादले केही काम अड्किए पनि राहु र बृहस्पतिको प्रभावले धेरै समस्या समाधान हुनेछन्। प्रतिकूल ग्रहहरूको जप, अनुष्ठान गर्नाले ठूलै समस्या पनि निवारण हुन सक्छ। शनिको साढेसाती प्रभावबाट मुक्त रहन शनिवार पीपलको पूजा गरी जल चढाउनुहोला। काली भगवती, हनुमानजी र आफ्ना इष्टदेवको पूजा-आराधना गर्नाले पनि शनिदोष शान्त हुनेछ। मंगल र केतुका प्रतिकूल प्रभावबाट सुरक्षित रहन गणेश र भैरवको दर्शन-पूजा गर्नुहोला। महिनाहरूमा वैशाख, साउन, मंसिर र पुस बढी लाभदायक रहनेछन् भने जेठ, असोज, माघ र फागुन अलि प्रतिकूल रहनेछन्।

## मीन

यो वर्ष परिस्थितिसँग केही सम्झौता गर्नुपरे पनि आसलाग्दो प्रारम्भिक परिवेशबाट प्रगतिको मार्ग अवलम्बन गर्न सफल भइनेछ। आफ्नो अभियानमा शुभचिन्तकहरूले साथ दिनेछन्। आर्थिक समस्या सुल्झनेछ र भौतिक साधनसमेत जुटाउन सकिनेछ। शीर्षभावमा बृहस्पतिको उपस्थितिले अरूको दबाब सहन गर्न नसक्दा विद्रोही भावना जागृत हुनेछ। घर-परिवारमा मतभेद देखापर्न सक्छ। तापनि बृहस्पतिको प्रतिबद्ध स्वभावले काममा प्रवृत्त गराउनेछ। विद्यार्थीहरूको लेखन तथा अभिव्यक्ति कलामा निखारता आउनेछ। उच्चशिक्षा तथा रोजगारीका लागि देश-विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ। भाग्यले असल जीवनसाथी जुराउने हुँदा गृहस्थीको बलियो जग बस्नेछ। बिस्तारै घर-गृहस्थीमा खुसियाली छाउनेछ। यो वर्ष सन्तानसुखको योग समेत रहेको छ। आयभावमा शनिको प्रभावले आम्दानीका स्रोतहरू बढ्नेछन् भने भौतिक सुख-सुविधा पनि थपिनेछ। नयाँनयाँ कर्म गर्ने अवसर प्राप्त भइरहनेछ। व्यापार, नोकरी तथा ठेक्कापट्टाबाट मनग्य फाइदा हुनेछ। बहुमूल्य धातु, यन्त्र र सवारीसाधन प्राप्त हुने सम्भावना छ। कर्मक्षेत्रमा विशेष उपलब्धि प्राप्त हुने सम्भावना देखिएकाले वर्षभरि मिहिनेत गर्नुहोला। वर्षको अन्त्यमा शनिको साढेसाती प्रारम्भ हुने हुँदा फजुल खर्च बढ्नुका साथै आफन्तसँग मतभेद हुने सम्भावना देखिन्छ। राहु र केतु भने यो वर्ष प्रतिकूल रहनेछन्। धनभावका राहुको प्रभावले वादविवाद र अनावश्यक काममा बढी रकम खर्च हुने देखिन्छ। अप्ठ्यारो समयमा आलोचकहरूले दुःख दिनेछन्, समयमै सजग रहनुहोला। चल-अचल सम्पत्तिको कारोबारमा पनि त्यति फाइदा नहुन सक्छ। कष्टभावमा केतुको उपस्थितिले पनि स्वास्थ्यमा बाधा, चोटपटक र अर्थहानि जस्ता समस्या देखापर्न सक्छन्। मंगलको प्रभावले साउनसम्म विवादास्पद काममा अलमल हुनेछ। भदौदेखि फागुनसम्म अग्रजहरूको सहयोग र सद्भाव प्राप्त हुनाले महत्त्वाकांक्षी काम प्रारम्भ गर्न सकिनेछ। विद्यार्थीहरूका लागि नयाँ प्रविधिको ज्ञान हासिल गर्ने समय छ। राहु र केतुको प्रतिकूल प्रभावबाट जोगिन वटुकभैरव र छिन्नमस्ता भगवतीको पूजा- आराधना गर्नुहोला। गणेश र काली भगवतीको पूजा गर्नाले मंगल र शनिका प्रतिकूल प्रभाव कम हुनेछन्। महिनाहरूमा जेठ, भदौ, पुस र माघ बढी लाभदायक रहनेछन् भने असार, कार्तिक, फागुन र चैत महिना अलि प्रतिकूल रहनेछन्।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Extrapolation = अनुमान, प्रक्षेपण As per the extrapolation based on random queries, the ruling party may be defeated in the forthcoming election छिटपुट सोधपुछको आधारमा गरिएको अनुमान अनुसार सत्तारुढ दल आगामी निर्वाचनमा पराजित हुन सक्छ।

Fugitive = थोरै अवधिमात्रै टिक्ने, पलायन गर्न लागेको The present day films give only a fugitive impression to the spectators आजकालका सिनेमाहरू दर्शकहरूमा खाली केहीक्षणको लागिमात्रै प्रभाव छाड्ने किसिमका हुन्छन्।

Gusty = हुरी लागेको बेला Boating is hardly possible in a gusty weather हुरी लागेको बेलामा डुंगा खियाउनु प्रायः असम्भव हुन्छ।

Hoax = हँसाउने कुरा वा ठट्टा Embarassed by the hoax, she reddened and went out ठट्टा पचाउन नसकी रातो मुख लगाउँदै तिनी बाहिर निस्किन।

Inert = चल्ने शक्ति नभएको, कमजोर For being inert, he passes most of his time laying in bed हलचल गर्ने शक्ति नभएको हुँदा ऊ आफ्ना समय सुतेरै बिताउछ।

Lustrous = चम्किलो She is beautiful not because of her face but for her lustrous eyes अनुहारको कारणले नभै चम्किला आँखाका कारण तिनी सुन्दरी छिन।

Musty = उमेर वा समयको कारण देखिएको बुढ्यौली वा थोत्रोपन Most of the palaces constructed during Rana period have now been musty राणाकालमा बनेका धेरैजसो दरबारहरू अहिले थोत्रा भएका छन्।

Noisome = गनाउने The dumping of solid waste has turned the atmosphere of entire area noisome फोहर थुपार्ने कार्यले गर्दा पुरै वातावरणलाई दुर्गन्धपूर्ण बनाएको छ।

Ovation = गडगडाहट ताली When renowned actor came on the stage, he was greeted by tremendous ovation जब लोकप्रिय कलाकार स्टेजमा आए, सबैले उन्लाई गडगडाहट तालीले स्वागत गरे।

Precursor = अग्रज, पुर्खा Tenzing and Hillary are considered Precursor of mountaineering expedition तेन्जिंग र हिलारीलाई पर्वतारोहणको अग्रज मानिन्छ।

## Close बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Close something = केही कुरा बन्द गर्नु Do not forget to close the window when you go out बाहिर जाँदा झ्याल बन्द गर्न नबिर्स। Close something = कम हुनु The new economic policy of the government can close the gap between rich and poor सरकारको नया आर्थिक नीतिले धनि र गरिब बीचको खाडल कम गर्न सक्छ।

Close something = टुंग्याउनु Both the parties failed to close the deal दुबै पक्ष कुरा टुंग्याउन असफल रहे।

Close something to = वास्ता नगर्नु The government seems to close its eyes to the plight of unmeployed youth बेरोजगारको समस्या प्रति सरकारले कुनै वास्ता गरेको देखिदैन।

Close something with = विसर्जन गर्नु The chairman closed the meeting with a word of thanks धन्यवादको एक शब्द सहित अध्यक्षले बैठक विसर्जन गरे।

Close for = बन्द हुनु This theatre is closed for a week यो नाचघर एक हप्ताको लागि वन्द भएको छ।

Close on = छुटाउनु Normally the cinema hall does not close on holidays सिनेमा हल सामान्यतया विदाको दिनमा वन्द हुदैन।

Close in = वन्द हुनु In European countries shops close in the afternoon for lunch यूरोपेली देशहरूमा मध्यान्हमा पशलहरू दिउसोको खानाको लागि भनेर बन्द हुन्छन।

Close to = वन्द हुनु This lane is closed to heavy truck यो गल्ली ठूलठूला ट्रकहरूको लागि बन्द छ।

Close at = पुगेर बन्द हुनु The hydro power share closed at Rs. 2000/- जलविद्युतको शेयर रु २००० सम्म पुगेर बन्द भयो।

## सुडोकु–अंक २९७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | | २ | | ५ | ८ |
| ४ | | | | ६ | ९ | ७ | | |
| | ७ | | | | | | | |
| ८ | ९ | | | १ | | | | |
| | १ | | ३ | | ६ | | ९ | |
| | | | | २ | | | १ | ५ |
| | | | | | | | ८ | |
| | | ७ | ५ | ३ | | | | ९ |
| ५ | ३ | | २ | | | | | ६ |

## अंक २९६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | २ | ९ | ८ | ३ | ४ | १ | ५ | ७ |
| १ | ७ | ८ | ६ | २ | ५ | ९ | ४ | ३ |
| ४ | ५ | ३ | ७ | १ | ९ | २ | ६ | ८ |
| ७ | ८ | १ | २ | ५ | ६ | ३ | ९ | ४ |
| ३ | ४ | ५ | ९ | ८ | १ | ७ | २ | ६ |
| ९ | ६ | २ | ४ | ७ | ३ | ८ | १ | ५ |
| ८ | ९ | ६ | ३ | ४ | २ | ५ | ७ | १ |
| ५ | ३ | ४ | १ | ९ | ७ | ६ | ८ | २ |
| २ | १ | ७ | ५ | ६ | ८ | ४ | ३ | ९ |

# Kim Il Sung's Career Seen through Figures





Some of the orders, medals and honorary title certificates conferred upon Kim Il Sung by foreign countries and international organizations



The following figures can help to understand what kind of person Kim Il Sung (1912-1994), founding father of the Democratic People's Republic of Korea, was.

**WalkingOne Thousand-*ri*at the Age of 11**

In March 1923 when Kim Il Sung was studying at a primary school in Badaogou in Northeast China, his fathertold him to go back to his native home at Mangyongdae in Korea, saying: A man born in Korea must have a good knowledge of Korea; if you get to understand clearly while you are in Korea why it has been ruined, that will be a great achievement; share the fate of the people in your home town and experience how miserable they are; then you will see what you should do.

Kim Il Sung set out on the journey. He had to travel 1 000 *ri* (approximately 250 miles–Tr.) all alone. To make matters worse, for more than half the journey he would have to walk over steep, craggy mountains which were virtually uninhabited; even in full daylight beasts of prey prowled about there. At that time he was merely 11 years old.

Two years later, while studying in Korea, he made a determination never to return home before he won back the country from the Japanese imperialists. Then he crossed the AmnokRiver again and started his revolutionary activities.

On October 17, 1926, while attending HwasongUisukSchoolthat was set up to train political and military cadres for the Independence Army, he formed the Down-with-Imperialism Union (DIU), the first revolutionary organization of Korea, with young communists of the new generation. The immediate task of the DIU was to defeat Japanese imperialism and achieve the liberation and independence of Korea, and its final objective was to build socialism and communism in Korea and, further, destroy all imperialism and build communism throughout the world.

## Defeating Two Imperialist Forces in One Generation







On April 25, 1932,Kim Il Sung founded the Korean People's Revolutionary Army, the first revolutionary armed force of the Korean people, in Antu, Northeast China. Since then the Korean people called him General Kim Il Sung.

He led an arduous armed struggle against Japan, without the backing of a state and support of a regular army, and liberated Korea on August 15, 1945.

On June 25, 1950,as part of its strategy for world supremacy, the United States ignited a war in Korea to occupy the whole of the Korean peninsula, and hurled into the war over two-million-strong forces including one-third of its ground force, one-fifth of its air force, most of its Pacific Fleet, some of its Mediterranean Fleet, as well as the troops of its 15 vassal states, south Korean army and even the remnants of the former Japanese army.

Although the DPRK was barely two years old, he led his people and army to win the war.

Francisco da Costa Gomes, former Portuguese president and chief of staff of the Portuguese forces in Macau during the Korean war, once said: The operations plans of the United States were brought to completion through several rounds of discussion by scores of generals including chiefs of staff and military experts of the Western countries which took the side of the United States. But General Kim Il Sung foiled them virtually single-handedly. While witnessing this with my own eyes, I came to realize that he was the greatest military strategist and commander the world had ever seen.

**Leading Two Stages of Social Revolution to Victory**

Having clarified that the liberated new Korea should follow the road to democracy of the Korean style, not that of the Soviet or US style, Kim Il Sung inspired all the Korean people to carry out an anti-imperialist, anti-feudal democratic revolution.

Under his leadership, the Agrarian Reform Law, the Law on the Nationalization of Major Industries, the Law on Sex Equality and other democratic laws were enforced in succession in keeping with the surging passion of the people for the building of a new, democratic Korea, putting forward workers, peasants and women, who had been subjected to maltreatment of the Japanese imperialists and traitors to the nation in the past, as masters of the country and society. This led to the liquidation of the remnant forces of Japanese imperialism and feudal landownership once and for all and establishment of the most advantageous people's democratic system for the first time in history.

When everything had been reduced to ashes by the US imperialists during the Korean war, he, with the conviction that the socialist revolution alone could guarantee the independent development of his country, pushed forward with the cooperativization of the rural economy and the remoulding of private handicraftsmen and entrepreneurs along socialist lines. 1958 saw the establishment of socialist system inthe DPRK.

Then the Korean people vigorously waged the Chollima movement at his proposal, turning their country into a powerful socialist industrial state in a matter of 14 years.

**Surprising Figures**

During his lifetime Kim Il Sung made public more than 10 800 works dealing with the political, economic, military, culturaland all other realms of social life. Many publishing houses in about 100 countries published his works in scores of languages.

He met as many as 70 000 foreigners including 400 state, government and party leaders of 136 countries, or about 1 400 a year and nearly four a day on average.

In recognition of his exploits for the cause of global independence, 78 countries and 13 international organizations conferred 77 orders, 154 medals and 142 honorary titles upon him in his lifetime and after his death. He was awarded the title of honorary citizen by about 30 foreign cities and towns, and titles of honorary professor and doctor by about 20 renowned universities of foreign countries. The statues of him were erected in China and Mongolia, and about 480 streets, organs and institutes in 100-odd countries were named after him.

He was presented more than 71 000 gifts from heads of party, state and government of about 170 countries, partyand social figures and international organizations.

## Paektu, Sacred Mountain of Korea

Paektu, the ancestral mountain of the Korean nation and sacredmountain of the Korean revolution, is 2 750 m above sea level, and its name originated from the snow covering its summitall year round.

The scenery of the highest mountain in Korea, counted first among the sixcelebrated mountains inKorea, is spectacular as it consists of a series of peaks surroundingLakeChon on its summit. The natural environment of the mountain developed from a number of volcano eruptions isvery unique. The winter scenery is particularly wonderful.

**Pyongyang Golf Course**

The Pyongyang Golf Courseon the picturesque shore ofLakeThaesong in the Democratic People's Republic of Korea is frequented by golfers. There are 18 holes (6 777yards in total), 9 at the first par and 9 at the second par, enough for accommodating200 persons at a time.

The resort is provided with lodgings for individuals and families, and has fitness rooms, a wading pool, an angling pond and a boating ground.



Mt Paektu





Glow onthe mountain



LakeChon on Mt Paektu



Before dawn




Uniquely weathered topography




Fantastically-shaped rocks




Blizzards on LakeChon of Mt Paektu



Blizzardson the mountain






Eroded terrain features



Moon-litSobaek Stream













Facilities for the visitors

## उपनिर्वाचन...

माओवादीले कांग्रेस उम्मेदवारलाई सघाउँदैछ भने बारा २ मा जसपा अध्यक्ष उपेन्द्र यादवलाई समर्थन गरेको छ। यसअघि चितवन २ मा कांग्रेसबाट व्यापारिक पृष्ठभूमिका उमेश श्रेष्ठ र एमालेबाट कृष्णभक्त पोखरेल प्रतिस्पर्धामा थिए।

चितवन २ मा दोहोऱ्याएर उम्मेदवार बनेका रास्वपा अध्यक्ष रवि लामिछानेले फेरि बाजी मार्ने लक्षण देखिएको छ। रविको पक्षमा उर्लिएको जनसागरले कांग्रेस र एमालेको सातो हर्दैछ। यही बीचमा रास्वपा सांसद ढाकाकुमार श्रेष्ठ र मेडिकल व्यवसायी दुर्गा प्रसाईंबीचको २ करोड घूस मागिएको अडियो रेकर्ड सार्वजनिक भयो। श्रेष्ठले प्रसाइँसँग स्वास्थ्यमन्त्री बन्न पार्टीलाई २ करोड बुझाउनुपर्ने भन्दै सहयोग मागेका थिए। पार्टीको कोर ग्रुपलाई पैसा बुझाउनुपर्ने, हाल १ करोड भए हुने अरु पछि बुझाउँदा पनि कोर ग्रुपले मान्ने भन्दै श्रेष्ठले प्रसाईंसँग २ करोड मागेका थिए। यो विषयमा रास्वपाको अनुशासन तथा आचारण समितिले अनुसन्धान गर्दै श्रेष्ठलाई कारबाही गर्न सिफारिस गरेको थियो। सभापति रवि लामिछानेले तत्काल एक्सन गर्दै श्रेष्ठलाई पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्काशन गरे। कारबाहीसँगै श्रेष्ठको सांसद पद चट भएको छ। श्रेष्ठ समानुपातिकबाट सांसद बनेका थिए। श्रेष्ठको रिक्त स्थानमा आदिवासी जनजाति क्लस्टरको महिला तर्फबाट विन्दवासिनी कंसाकारलाई रास्वपाले सांसद बनाउन निर्वाचन आयोगसमक्ष सिफारिस गरेको छ। उनी एसिड पीडित महिला हुन्। रास्वपाको समानुपातिक सूचीमा महिलातर्फ इन्दिरा राना मगर र सुमना श्रेष्ठपछि कंसाकार थिइन्।

रास्वपाले समानुपातिकको बन्दसूची पठाउँदा विभिन्न क्लस्टरमा पुरुष र महिला छुट्याएकाले केही अन्योलसमेत देखिएको थियो। ढाकाको स्थानमा मेघबहादुर आले पनि दाबेदार थिए। जनजातितर्फ १७ नम्बरबाट मात्रै महिला सुरु हुन्छन्। यदि निलम्बित सांसद महिला भएको भए र ३३ प्रतिशत नपुग्ने अवस्था भएको भए अर्को महिला सांसद नै लैजानुपर्थ्यो। तर निलम्बित सांसद ढाका पुरुष भएकाले उनको स्थानमा महिला लैजानुपर्ने बाध्यता थिएन। पर्यटन व्यवसायमा संलग्न आले विवादित छविका मानिन्छन्। एउटा विवादित व्यक्तिको ठाउँमा अर्को विवादित व्यक्तिलाई लैजाने मुडमा रवि लामिछाने थिएनन्। साथै महिलालाई पठाउँदा राम्रो सन्देश पनि जाने भएकाले कंसाकारको नाममा निर्णय भएको बताइएको छ।

आदिवासी जनजाति समूहको १७ नम्बर अर्थात् महिलाको पहिलो नम्बरमा रहेकी इन्दिरा राना मगर, आदिवासी जनजाति समूहको १८ नम्बर अर्थात् महिलाको दोस्रो नम्बरमा रहेकी सुमना श्रेष्ठ यसअघि नै प्रतिनिधिसभा सदस्य निर्वाचित भइसकेका छन्। तर राजनीतिक दलसम्बन्धी ऐनमा दुई अवस्थामा मात्र सांसद पद जाने व्यवस्था छ। पार्टीको ह्वीप उल्लंघन गरेका र दल त्याग गरेका सांसदको मात्र सम्बन्धित पार्टीको केन्द्रीय समितिको निर्णय र सिफारिसबाट पद रिक्त हुने व्यवस्था छ। अनुशासनमा कारबाही गर्ने रास्वपाको निर्णयलाई सांसद श्रेष्ठले कानुनी रुपमा अदालतमा चुनौती दिन सक्नेछन्। सांसद श्रेष्ठले कानुन व्यवसायीसँग सल्लाह गरी अदालत जाने निकटलाई बताएका छन्। उनले पार्टीबाट अन्याय भएको भनी थप रहस्य खोल्ने समेत बताएका छन्। पार्टी सभापति लामिछानेले श्रेष्ठले आरोप लगाउँदै आएको कोर टिमबारे छानबिन गर्न सरकारका सम्बन्धित निकायलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

अख्तियारले अडियो रेकर्डबारे छानबिन सुरु गरिसकेको छ। तत्कालीन सूचना सञ्चार तथा प्रविधि मन्त्री गोकुल बाँस्कोटाको ७० करोड घूस मागेको अडियो रेकर्ड सार्वजनिक हुँदा पनि एमालेले उनलाई कुनै कारबाही गरेन। न त अख्तियारले नै दोषी देखायो। बरु फेरि सांसदको टिकट पाए उनले र जितेर आए पनि। उनी अहिले सांसद नै छन्। यस्तो बेथितिलाई रास्वपाले भने निन्तरता दिएन। सांसद श्रेष्ठलाई निलम्बन गरेर पार्टीमा आर्थिक अराजकता आउन नदिने सन्देश प्रवाहित गरेको छ। माओवादीका नेता कृष्णबहादुर महराको पनि चिनियाँसँग आर्थिक डिल गरेको अडियो रेकर्ड सार्वजनिक भएको थियो। माओवादी पार्टीले उनलाई कुनै कारबाही गरेको थिएन। पुराना ठूला दल भ्रष्टाचारीलाई संरक्षण गर्छन् भन्ने यी निमित्त उदाहरण हुन्।

बारा २ को निर्वाचनलाई समग्र मधेस राजनीतिको शक्ति संघर्षको विषय बनाइएको छ। मधेसको राजनीतिमा प्रमुख नेता को हुने भन्नेमा जसपा अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका तर्फबाट सिके राउतबीच प्रतिस्पर्धा छ। मंसिर ४ मा सप्तरी २ मा राउतसँग चुनाव हारेका यादवको उम्मेदवारीलाई सत्ता गठबन्धनका मुख्य दलहरूको समर्थन छ। सत्ता गठबन्धनमै रहेका राउतले भने माओवादी नेता शिवचन्द्र कुशवाहालाई उम्मेदवार बनाएका छन्। संसद छिर्नकै लागि यादवले बारा २ बाट निर्वाचित रामसहायप्रसाद यादवलाई उपराष्ट्रपति बनाएका हुन्। राउतले पनि मंसिर ४ को निर्वाचनमा ३५४ मतले मात्रै हारेका कुशवाहालाई उम्मेदवार बनाएर आफ्नो प्रभुत्व कायम राख्ने रणनीति बनाएका छन्। मधेस मसिहा कहलिएका यादवलाई गत निर्वाचनमा हराएर राउत मधेस राजनीतिमा चर्चाको शिखर बनेका छन्। यादवले चुनाव जिते उनले मालदार मन्त्रालय लिनेछन् र मधेस राजनीतिमा पकड जमाउने छन् भन्ने राउतलाई डर छ। यादवलाई रोक्न सक्ने आफू मधेसको लोकप्रिय नेता बन्न कसैले रोक्न नसक्ने राउतको विश्लेषण देखिन्छ।

छुट्टै मधेस राज्यको माग गर्दै हिँसात्मक विद्रोह मच्चाएर चर्चामा आएका राउत मूलधारको राजनीतिमा समाबिष्ट भएर यादवलाई गत निर्वाचनमा पछार्न सफल भएका हुन्। गौर नरसंहारमा मुछिएका यादव विगत १६ वर्षदेखि पटक पटक मन्त्री हुने अवसर पाएका भाग्यशाली मधेसी नेता मानिन्छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीले सुशासन पार्टीका अध्यक्ष पूर्वप्रहरी अधिकारी रमेश खरेललाई बारा २ बाट उठाएको छ। 'एकको बदला तीन' भन्ने नारासहित काठमाडौंमा क्षेत्र नं. १ मा प्रतिस्पर्धा गरेका खरेलले टिठलाग्दो पराजय भोगेका थिए। बढुवामा नपरेपछि डीआईजीबाट राजीनामा दिएर खरेल नयाँ पार्टी खोलेर राजनीतिमा होमिएका हुन्। सुशासन पार्टी नचलेपछि उनले रास्वपाको घन्टी बजाएका हुन्। प्रहरी नेतृत्वमा हुँदा आफ्ना परिवारलाई मात्र फाइदा हुने निर्णय गराएर उनी विवादित बनेका थिए। बारा २ मा रास्वपाको घन्टी बज्ने सम्भावना न्यून रहेको बताइन्छ। मुख्य प्रतिर्स्धा जसपा अध्यक्ष यादव र जनमत अध्यक्ष राउतबीचमै रोचक प्रतिस्पर्धा हुने देखिन्छ। यदि यादवले निर्वाचन हारे भने राष्ट्रिय राजनीतिमा उनलाई स्थापित हुन गाह्रो हुने राजनीतिक विश्लेषक बताउँछन्। कुशवाहाले हारे जनमतका अध्यक्ष राउतलाई खासै फरक नपर्ने भनिँदैछ। किनकि राउत पाँच महिनाअघि मात्रै संसदीय राजनीतिमा प्रवेश गरेका हुन्।

## प्रहरीमा...

रवीन्द्र रेग्मी पनि बढुवाको प्रतिस्पर्धामा छन्। बढुवा ढिला भएमा २०८० वैशाखमा थप दुईवटा वरिष्ठ उपरीक्षकको पद रिक्त हुन्छ। प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रसिंह खड्का वैशाख १० मा र चक्रबहादुर सिंह वैशाख १४ मा अवकाशमा जान्छन्। बुधवारको डीआईजी बढुवा सिफारिसमा चक्रबहादुर सिंहलाई अन्यायपूर्ण तरिकाले छुट्ट्याइएको छ।

## पूर्वाञ्चल...

विद्यार्थी संगठनले मंसिरमा गरेको तालाबन्दी कायम रहेकाले आयोगको कामकारबाही पाँच महिनादेखि ठप्प थियो। आयोगले खुलाएको विज्ञापनमा तोकेको उम्मेदवारको उमेर हद ४५ वर्षलाई ४० बनाउनुपर्ने विद्यार्थी संगठनको माग छ।

विश्वविद्यालयको ३५ औं सभामा आफूहरूलाई सहभागी नगराएको भन्दै मंसिर १ मा विद्यार्थी र प्राध्यापक संघले उपकुलपति र रजिस्ट्रारको कार्यकक्षमा तालाबन्दी गरेका थिए। चैत १९ मा भएको ११ औं दीक्षान्त सभामा पनि सहभागी नगराएको भन्दै विश्वविद्यालयको प्राध्यापक संघले केन्द्रीय कार्यालयका सबै निकायमा तालाबन्दी गरेको अध्यक्ष यज्ञप्रसाद जमरकट्टेलले बताए। तालाबन्दी खुलाउने विषयमा वार्ता गर्न एक साताको समय दिएर विश्वविद्यालयको कला, साहित्य र कानुन संकायका डिन अनिलकुमार पोखरेलको संयोजकत्वमा तीन सदस्यीय वार्ता टोली गठन गरिएको छ।

विश्वविद्यालय प्रशासनले प्राध्यापक संघलाई पूरै पन्छाएर एकलौटी ढंगले मनखुसी आर्थिक दोहन गरेकाले त्यसविरुद्ध आन्दोलनमा उत्रिन बाध्य भएको अध्यक्ष जमरकट्टेलको भनाइ छ। प्राध्यापकहरू तीन दिनदेखि धर्नामा छन्। उनीहरूले उपकुलपति यादवप्रसाद कोइराला र रजिस्ट्रार नीलमणि पोखरेललाई निवासमा पस्न पनि अवरोध गरेका छन्। प्राध्यापक संघले विश्वविद्यालय केन्द्रीय कार्यालयसँगै डिन कार्यालयहरूमा ताला लगाएको छ। विश्वविद्यालयका पाँचवटै आंगिक क्याम्पसको पठनपाठन पनि रोकिएको छ।

## चीनबाट...

सान्जेन खोला जलविद्युत् आयोजनाका लागि चीनबाट विस्फोटक पदार्थ आयात गरेका हुन्।

चिनियाँ संलग्न आयोजनालाई भारतले कारण नदेखाई अड्काएपछि व्यवसायीले विकल्पका रूपमा चीनबाट समेत विस्फोटक पदार्थ आयात सुरु गरेका हुन्। भारतले आयोजनामा चिनियाँ कम्पनी संलग्न रहेको खण्डमा पूर्वाधार निर्माणमा चाहिने विस्फोटक पदार्थ दिनमा आनाकानी गर्ने गरेको व्यवसायीहरूको आरोप छ। ७८ मेगावाटको सान्जेन खोला चाइना हार्बर इन्जिनियरिङ कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित सलासुंगी पावर लिमिटेडले निर्माण गरिरहेको छ। यस आयोजनाका लागि भारतबाट पटकपटक विस्फोटक पदार्थ ल्याउन गरिए पनि प्रयास असफल भएपछि कम्पनीले करिब ७ महिनाअघि चीनबाट ल्याउने तयारी थालेको थियो।

पहिलो चरणमा ९० टन विस्फोटक पदार्थ सोमबार भन्सारपास भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का कोषाध्यक्ष आनन्द चौधरीले जनाए। चीनबाट ५ सय टन विस्फोटक पदार्थ अर्डर भएकामा ९० टन आइपुगेको र बाँकी आउने चरणमा रहेको उनले बताए। पहिलो पटक ल्याउँदा कठिन भए पनि अब भने सहज हुने चौधरीको उनको भनाइ छ।

भारतबाट विस्फोटक आयात कठिन बन्दै गएपछि चीनबाट ल्याउन अनुमतिका लागि इप्पानले पटकपटक आग्रह गर्दै आएको थियो। नेपाली सेनाको मकवानपुर, सुनाचरीमा रहेको इमल्सन प्लान्टमा उत्पादन हुने विस्फोटक पदार्थले माग धान्न सकेको छैन। सेनाले मागअनुसारको आपूर्ति गर्न नसकेपछि विकल्पमा व्यवसायीले भारतबाट विस्फोटक पदार्थ ल्याउने गरेका छन्। तर भारतले चिनियाँ कम्पनी संलग्न आयोजनालाई विस्फोटक पदार्थ ल्याउनमा नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) मा कडाइ गरेको छ। विस्फोटक पदार्थ अभावका कारण १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना, ७८ मेगावाटको सान्जेन, मेगावाटको त्रिशूली-१ जलविद्युत् आयोजना, ४७.८० मेगावाटको खिम्ती-२, तल्लो इर्खुवा खोलालगायतका आयोजनामा ढिलाइ भएको निर्माणकर्ताहरूको गुनासो छ। यससँगै अन्य बन्दै गरेका आयोजनासमेत समस्यामा छन्।

## संकटमा...

(मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास) आर्थिक वर्ष २०६७/०६८, पश्चिम सेती आर्थिक वर्ष २०६७/०६८, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आर्थिक वर्ष २०७४/०७५, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आर्थिक वर्ष २०७१/०७२, रेल वे, मेट्रो तथा मोनोरेल विकास आर्थिक वर्ष २०६६/०७६, हुलाकी लोकमार्ग आर्थिक वर्ष २०६६/०६७ मा निर्माण सुरु गरिएको थियो।

यसबाहेक पुष्पलाल मध्यपहाडी लोकमार्ग आर्थिक वर्ष २०६४/०६५, उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग आर्थिक वर्ष २०६५/०६६, उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग आर्थिक वर्ष २०६५/०६६, काठमाडौं तराई मधेश द्रुतमार्ग आर्थिक वर्ष २०७३/०७४, मेलम्ची खानेपानी आयोजना (प्रथम चरण) आर्थिक वर्ष २०५५/०५६, पशुपति क्षेत्र विकास कोष आर्थिक वर्ष २०७०/०७१, लुम्बिनी विकास कोष आर्थिक वर्ष २०६९/०७० र राष्ट्रपति चुरे तराई मधेश संरक्षण आर्थिक वर्ष २०७१/०७२ मा सुरु गरिएको थियो।

निर्माणकार्य सुरु भई निर्माणसम्पन्न गर्ने मिति तय गरिएका गौरवका आयोजनाहरूमध्ये सिक्टा सिँचाइ आर्थिक वर्ष २०८९/०९०, बबई सिँचाइ आर्थिक वर्ष २०८२/०८३, रानीजमरा कुलरिया सिँचाइ आर्थिक वर्ष २०८०/०८१, सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजना आर्थिक वर्ष २०८०/०८१, महाकाली सिँचाइ आर्थिक वर्ष २०८७/०८८, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना आर्थिक वर्ष २०७९/०८०, बूढीगण्डकी जलविद्युत् आयोजना २०८३/०८४, विद्युत् प्रसारण (मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास) आर्थिक वर्ष २०८४/०८५, पश्चिम सेती एकीन नभएको, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आर्थिक वर्ष २०७९/०८०, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आर्थिक वर्ष २०८५/०८६, रेल वे तथा मेट्रो तथा मोनोरेल विकास आर्थिक वर्ष २०८६/०८७, हुलाकी लोकमार्ग आर्थिक वर्ष २०८०/०८१ हो।

गौरवका आयोजनाहरूमध्ये पुष्पलाल मध्यपहाडी लोकमार्ग आर्थिक वर्ष २०७९/०८०, उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्ग आर्थिक वर्ष २०८७/०८८, उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्ग आर्थिक वर्ष २०८४/०८५, काठमाडौं तराई मधेश द्रुतमार्ग आर्थिक वर्ष २०८०/०८१, मेलम्ची खानेपानी आयोजना (प्रथम चरण) आर्थिक वर्ष २०८०/०८१, पशुपति क्षेत्र विकास कोष आर्थिक वर्ष २०७८/०७९, लुम्बिनी विकास कोष आर्थिक वर्ष २०८०/०८१, राष्ट्रपति चुरे तराई मधेश संरक्षण आर्थिक वर्ष २०९३/०९४ मा सम्पन्न हुने भनिएको छ।

विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयार गरी निर्माण अवधि, लागत, खर्चलगायतका सम्पूर्ण तयारी भए पनि गौरवका आयोजनाको निर्माण समयमा सम्पन्न गरिएको छैन। जस कारण समय त बढेको छ नै लागत पनि दोब्बरले बढिरहेको छ। आयोजना समयमा सम्पन्न नहुने विषय सडकदेखि संसदसम्म पटक-पटक नउठेको पनि होइन। विपक्षमा रहँदा चर्को आवाजले विरोध गर्ने दल पछि सरकारमा पुगेपछि मौन बस्ने गरेका छन्। जसको फाइदा उठाउँदै ठेकेदारहरूले आयोजनाको निर्माणमा ढिलाइ गर्ने गरेको पाइन्छ।

अर्कोतर्फ आयोजनाहरूमा हुने आर्थिक अनियमितता र भ्रष्टाचारले गर्दा पनि गौरवका आयोजनाहरू तोकिएको समयमा सम्पन्न हुनसकेका छैनन्। समय लम्बिँदै जाँदा लागत बढ्ने त्यसबापट ठूलो रकम लाभ पाउने भएपछि स्वार्थ समूहबाट नै आयोजना निर्माणमा ढिलाइ हुँदा पनि आवश्यक कारबाहीको कदम चाल्न नसकेको देखिन्छ। तोकिएको समयमा निर्माणसम्पन्न नहुँदा भौतिक र वित्तीय प्रगति समेत असर पर्ने गरेको आयोगका अधिकारीहरूले बताएका छन्। सरकार परिवर्तनसँगै आयोगका उपाध्यक्ष परिवर्तन हुने र अघिल्लो सरकारको पालामा सुरु गरिएका आयोजनामा पछि आउने सरकारले चासो नदिने गरेकाले पनि आयोजनाहरूको निर्माणमा ढिलाइ हुने गरेको आयोगका अधिकारीहरू बताउँछन्।

गत आर्थिक वर्षसम्म सिक्टा सिँचाइ आयोजनाको भौतिक प्रगति ७२ प्रतिशत भएको छ। यस्तै बबई सिँचाइको ६२ प्रतिशत, रानीजमरा कुलरिया सिँचाइको ५९ प्रतिशत, सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीयको सात प्रतिशत, महाकाली सिँचाइको १६ प्रतिशत, भेरी बबई डाइभर्सन बहुउद्देश्यीयको ५७ प्रतिशत, बूढीगण्डकी जलविद्युत्को २२ प्रतिशत, विद्युत् प्रसारणको पाँच प्रतिशत, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ९८ प्रतिशत, रेल वे तथा मेट्रो तथा मोनोरेल विकासको ३८ प्रतिशत र हुलाकी लोकमार्गको ८१ प्रतिशत भौतिक प्रगति भएको आयोगको तथ्याङ्कमा देखिन्छ।

यस्तै पुष्पलाल मध्यपहाडी लोकमार्गको ६४ प्रतिशत, उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्गको ४१ प्रतिशत, गैंडाकोट राम्दी मालढुंगा सडकको ३० प्रतिशत, बेनी जोमसोम कोरोला सडकको ८२ प्रतिशत, उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्गको २० प्रतिशत, काठमाडौं तराई मधेश द्रुतमार्गको २१ प्रतिशत, मेलम्ची खानेपानी आयोजना (प्रथम चरण)को ८९ प्रतिशत, पशुपति क्षेत्र विकास कोषको ८५ प्रतिशत, लुम्बिनी विकास कोषको ८७ प्रतिशत, राष्ट्रपति चुरे तराई मधेश संरक्षणको पाँच प्रतिशत भौतिक प्रगति रहेको छ।

समीक्षा अवधिमा वित्तीय प्रगति भने सिक्टा सिँचाइको ७५ प्रतिशत, बबई सिँचाइको ५९ प्रतिशत, रानीजमरा कुलरिया सिँचाइको ५८ प्रतिशत, सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीयको आठ प्रतिशत, महाकाली सिँचाइको १५ प्रतिशत, भेरी बबई डाइभर्सन बहुउद्देश्यीयको ४२ प्रतिशत, बूढीगण्डकी जलविद्युतको १६ प्रतिशत, विद्युत् प्रसारणको पाँच प्रतिशत, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ७५ प्रतिशत, निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको १० प्रतिशत, रेल वे तथा मेट्रो तथा मोनोरेल विकासको ३९ प्रतिशत र हुलाकी लोकमार्गको ८० प्रतिशत रहेको छ।

समीक्षा अवधिमा अन्य गौरवका अयोजनाहरूको वित्तीय प्रगति पुष्पलाल मध्यपहाडी लोकमार्गको ६८ प्रतिशत, उत्तर दक्षिण (कोशी कोरिडोर) लोकमार्गको ३७ प्रतिशत, गैंडाकोट राम्दी मालढुंगा सडकको ३० प्रतिशत, बेनी जोमसोम कोरोला सडकको ७९ प्रतिशत, उत्तर दक्षिण (कर्णाली कोरिडोर) लोकमार्गको १८ प्रतिशत, काठमाडौं तराई मधेश द्रुतमार्गको २० प्रतिशत, मेलम्ची खानेपानी आयोजना (प्रथम चरण)को ९६ प्रतिशत, पशुपति क्षेत्र विकास कोषको ६२ प्रतिशत, लुम्बिनी विकास कोषको ५३ प्रतिशत, राष्ट्रपति चुरे तराई मधेश संरक्षणको पाँच प्रतिशत रहेको छ। गौरवका आयोजनामध्ये शतप्रतिशत निर्माणसम्पन्न भई सञ्चालनमा आएको एउटामात्रै आयोजना माथिल्लो तामाकोशी जलविद्युत् आयोजना हो।

## डढेलोले...

विज्ञप्तिमा वायु प्रदूषणले बालबालिका, ज्येष्ठ नागरिक, श्वासप्रश्वासका बिरामी र मुटुका बिरामीलाई असर गर्ने भएकाले काम नपरेसम्म घरबाट बाहिर ननिस्कन, निस्कनै परे मास्क तथा चस्मा लगाउन र सावधानी अपनाउन आग्रह गरिएको छ।

अहिले बुटवल, ललितपुरको पाटन, भक्तपुर, मध्यपुर थिमि, काठमाडौंको रत्नपार्क, कीर्तिपुर र हेटौंडाको हावा निकै अस्वस्थकर रहेको मौसमविद्हरूले जनाएका छन्। वायुको गुणस्तर एयर क्वालिटी इन्डेक्स (एक्युआई)का अनुसार यी क्षेत्रमा वायुको गुणस्तरले जोखिमको तह नाघेको छ। शून्यदेखि ५० सम्मको मापनलाई सामान्य अवस्था मानिन्छ तर बुटवलमा दुई सय ९२, पाटनमा दुई सय ३२, भक्तपुरमा दुई सय २२, कीर्तिपुरमा एक सय ९१, मध्यपुर थिमिमा एक सय ८७, रत्नपार्कमा एक सय ८६ र हेटौंडामा एक सय ७४ छ। वायुको गुणस्तरको मात्रा एक सय ५१ देखि दुई सयसम्म पुगे मानव स्वास्थ्यका लागि हानिकारक मानिन्छ। यो मात्रा १०१ देखि एक सय ५० सम्म पुगे ज्येष्ठ नागरिक र बालबालिकालाई खोकी लाग्ने र श्वास फेर्न गाह्रो हुने बताइएको छ। यसैगरी डढेलो अझै लागिरहे प्रदूषण अझै बढ्ने भएकाले डढेलो नियन्त्रणका लागि ध्यान दिन उक्त विभागले सबैमा आग्रह पनि गरेको छ।

## रेमिट्यान्स...

थियो। वैदेशिक रोजगारमा जाने नेपाली कामदारको संख्या बढेकाले रेमिट्यान्समा सुधार देखिएको राष्ट्र बैंक अनुसन्धान विभाग प्रमुख प्रकाशकुमार श्रेष्ठले बताए। समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ५४.३ प्रतिशतले वृद्धि भई ३ लाख ५१ हजार ७६१ पुगेको छ। वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ८.० प्रतिशतले वृद्धि भई १ लाख ९२ हजार ५५९ पुगेको छ।

विदेशी मुद्रा आर्जनको अर्को क्षेत्र प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) भने निरन्तर घटिरहेको छ। बाह्य क्षेत्रका अनेक सूचकमा सुधार देखिँदा प्रत्यक्ष वैदेशिक लगानी भने घटेको हो। चालु आर्थिक वर्षको फागुनसम्म जम्मा १ अर्ब १७ करोड रुपैयाँ बराबर मात्रै प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ। जब कि गत वर्षको यस अवधिमा १६ अर्ब ३० करोड रुपैयाँ बराबर भित्रिएको थियो। प्रत्यक्ष वैदेशिक लगानी घट्दा पनि रेमिट्यान्समा आएको वृद्धिकै कारण शोधनान्तर स्थिति (भुक्तानी सन्तुलन) र विदेशी मुद्रा सञ्चिति बढेको हो।

फागुन मसान्तसम्म शोधनान्तर स्थिति १ खर्ब ४८ अर्ब ११ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा २ खर्ब ५८ अर्ब ६४ करोडले घाटामा थियो। अमेरिकी डलरमा १ अर्ब १२ करोडले शोधनान्तर स्थिति बचतमा रहेको राष्ट्र बैंकले जनाएको छ। शोधनान्तर स्थिति सुधार गर्न राष्ट्र बैंकलाई १४ महिना लागेको गभर्नर महाप्रसाद अधिकारीले बताए।

विदेशी मुद्रा सञ्चिति पनि असार मसान्तको तुलनामा १५.२ प्रतिशतले बढेको छ। असार मसान्तमा १२ खर्ब १५ अर्ब ८० करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति फागुन मसान्तसम्म १४ खर्ब १ अर्ब २१ करोड पुगेको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति १२.१ प्रतिशतले बढेर १० अर्ब ६९ करोड कायम भएको छ। यस सञ्चितिले ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्ने अनुसन्धान विभाग प्रमुख श्रेष्ठको भनाइ छ।

अर्थतन्त्रमा बेलाबेलामा समस्या देखिने गरेको र तिनलाई तत्कालै राष्ट्र बैंकले विभिन्न उपायमार्फत समाधान गर्दै आएको उनको दाबी छ। गत माघको तुलनामा मूल्यवृद्धि पनि फागुनमा केही संकुचनमा देखिएको छ। राष्ट्र बैंकको प्रतिवेदनअनुसार उक्त महिना उपभोक्ता मुद्रास्फीति ७.४४ प्रतिशत छ। असारसम्म वार्षिक मुद्रास्फीति ७ प्रतिशतमा झर्ने अपेक्षा गरिएको उनले बताए। बैंकहरूको ब्याजदर भने बढेको छ। प्रतिवेदनअनुसार ०७८ फागुनमा वाणिज्य बैंकहरूको औसत आधार दर ८.९८ प्रतिशत रहेकामा यो फागुनमा १०.६४ प्रतिशत पुगेको छ। निक्षेपको भारित औसत ब्याजदर ६.९३ प्रतिशतबाट बढेर ८.३७ प्रतिशत पुगेको छ भने कर्जाको भारित औसत दर १०.६० प्रतिशतबाट बढेर १३.०३ प्रतिशत पुगेको छ। फागुनदेखि नै निक्षेप र कर्जा दुवैको ब्याजदर घट्न थालेकाले आगामी दिनमा क्रमिक सुधार हुने श्रेष्ठले जनाए।

## बैंकर्स...

माघदेखि लागू हुने गरी ११ प्रतिशतमा झारेका थिए। वैशाखदेखि लागू हुने गरी थप १.१ प्रतिशत विन्दुले ब्याजदर घटाएका हुन्। संस्थागत खातामा वैशाखदेखि बैंकले ७.९ प्रतिशतसम्म ब्याज दिनेछन्। हाल संस्थागत मुद्दतीमा ९ प्रतिशतसम्म ब्याज छ। व्यक्तिगतभन्दा संस्थागत मुद्दतीको ब्याजदर २ प्रतिशत विन्दु कम हुनुपर्ने व्यवस्था छ। त्यस्तै साधारण बचतमा ५.४ देखि ७.४ प्रतिशतसम्म ब्याज दिनेछन्।

हाल बैंकहरूले बचतमा न्यूनतम ६ प्रतिशत ब्याज दिँदै आएका थिए। नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष तथा एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुनील केसीले निक्षेपको स्रोतका रूपमा रहेको रेमिट्यान्स, शोधनान्तर स्थितिलगायत बाह्य सूचकमा सुधार आएकाले ब्याजदर घटाइएको बताए। बैंकहरूले निक्षेपकर्तालाई दिने ब्याज र ऋणीबाट लिने औसत ब्याजको अन्तर नै स्प्रेडदर हो। राष्ट्र बैंकले यस्तो दर चैत मसान्तसम्म ४.२ र असार मसान्तसम्म ४ प्रतिशतमा झार्नुपर्ने व्यवस्था गरेको छ। यस कारण साउनदेखि कर्जाको ब्याजदर अझै घट्ने छ। ब्याजदर घट्नु तथा राष्ट्र बैंकको सकारात्मक प्रतिक्रिया आउँदा बजारलाई सकारात्मक प्रभाव परेको सेयर लगानीकर्ता संघ नेपालका कार्यवाहक अध्यक्ष ताराप्रसाद फुल्लेलले बताए।

यस्तै आगामी वैशाखदेखि ऋणको ब्याजदर पनि घट्ने भएको छ। नेपाल बैंकर्स संघले वैशाखदेखि निक्षेपमा ब्याजदर घटाउने निर्णय गरेका बेला कर्जाको ब्याजदर पनि वैशाखदेखि घट्दै जाने भएको हो। हाल बैंकहरूले व्यक्तिगत मुद्दतीमा ११ र संस्थागत मुद्दतीमा ९ प्रतिशत दिँदै आएका छन्। त्यस्तै बचतमा बैशाखबाट ५.४ देखि ७.४ प्रतिशतसम्म ब्याजदर दिने छन्। नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष तथा एनएमबी बैंकका सीईओ सुनिल केसीले कर्जाको ब्याज पनि वैशाखदेखि नै घट्ने बताए। दुई कारणले कर्जाको ब्याजदर पनि वैशाखदेखि नै घट्ने केसीको भनाइ छ।

## कोरोना...

अवस्थामा राख्न निर्देशन दिएको जानकारी दिए। 'कोरोना भाइरसको नयाँ भेरियन्टले धेरै जनालाई संक्रमण सार्ने गर्ने सम्भावना छ', उनले भने, 'संक्रमणको रोकथाम र नियन्त्रण गर्नका लागि सबै अस्पताललाई तयारी अवस्थामा बस्न निर्देशन दिइसकेका छौं।'

मन्त्रालयका अनुसार हाल वीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, सशस्त्र प्रहरी बल अस्पताल, नेपाल प्रहरी अस्पताल लगायतका अस्पताललाई तयारी अवस्थामा रहन निर्देशन दिइएको छ। कोरोना संक्रमणका कारण बुधबार एक जनाको निधन भएको छ। वीर अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले कोभिड-१९ केन्द्रीय युनिफाइड अस्पताललाई तयारी अवस्थामा राखिएको बताए। उहाँले चिकित्सक, सघन उपचार कक्ष (आइसियु), भेन्टिलेटर र अक्सिजनलाई तयारी अवस्थामा राखिएको उनको भनाइ छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रमुख कन्सल्ट्यान्ट फिजिसियन डा. विमल चालिसेले कोरोना भाइरसको सङ्क्रमणको सम्भावित जोखिमबारे सचेत रहँदै आफूहरू तयारी अवस्थामा रहेको जानकारी दिए। 'अहिले ने आत्तिनुपर्ने अवस्था छैन तर सजग भने हुनुपर्छ', उनले भने, 'संक्रमणको सम्भावित जोखिम नहोस् भनेर तयारी अवस्थामा रहेका छौं।' अस्पतालमा एक जना भेन्टिलेटर र दुई जना कोरोना संक्रमित सघन उपचार कक्ष (आइसियु) मा उपचाररत रहेको उनले जानकारी दिए।

बुधबार मात्रै देशभर १०६ जना नयाँ संक्रमित देखापरेका थिए। हाल काठमाडौं उपत्यकामा २४ जना आइसोलेसन, १३ जना सघन उपचार कक्ष (आइसियु) मा र ५ जना भेन्टिलेटरमा उपचाररत छन्। महाशाखाले नेपाल प्रवेश हुने सीमा नाकामा कडाइ गरिएको जनाएको छ। सीमा नाकाबाट नेपाल प्रवेश गर्नेहरूको कोरोना परीक्षण सुरु गरिएको छ।

# उद्योग वाणिज्य महासंघमा क कसले मारे बाजी ?

काठमाडौं। नेपाल उद्योग वाणिज्य महासंघको नयाँ नेतृत्व चयनका लागि भएको निर्वाचनमा वस्तुगततर्फको उपाध्यक्षमा हेमराज ढकाल निर्वाचित भएका छन्। ढकालले मनीषलाल प्रधान तथा सुकुन्तलाल हिराचनलाई पराजित गरेका हुन्। ढकालले ६१ मत पाउँदा प्रधानले ५२ र हिराचनले ७ मत पाएका छन्। ढकाल उमेशलाल श्रेष्ठ समूहबाट प्रतिस्पर्धामा थिए। वरिष्ठ उपाध्यक्षका लागि अञ्जन श्रेष्ठ, उमेशलाल श्रेष्ठ तथा रामचन्द्र संघई प्रतिस्पर्धामा छन्।

यस्तै एसोसिएटतर्फ ज्योत्स्ना श्रेष्ठ विजयी भएकी छन्। श्रेष्ठले भरतराज आचार्यलाई पराजित गर्दै विजयी भएकी हुन्। श्रेष्ठले ८४६ मत पाउँदा आचार्यले ७८१ मत मात्र पाए। श्रेष्ठ रामचन्द्र संघई समूहकी हुन भने आचार्य अन्जन श्रेष्ठ तथा उमेशलाल श्रेष्ठका साझा उम्मेदवार हुन्।

त्यस्तै, जिल्ला नगर उपाध्यक्षमा सुरकृष्ण वैद्य विजयी भएका छन्। निर्वाचित वैद्य पनि रामचन्द्र संघईको प्यानलकै हुन्। सुरकृष्णले ४३ मत प्राप्त गरेका थिए।

यसैबीच पञ्चकन्या ग्रुपका कार्यकारी निर्देशक उज्ज्वलकुमार श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासंघको ५७ औं साधारणसभाबाट कार्यकारिणी समिति सदस्यमा निर्वाचित भएका छन्। एसोसिएटतर्फबाट उनी महासंघको सदस्य निर्वाचित भएका हुन्। यसअघि उनले महासंघको उद्योग प्रवर्द्धन समिति, अन्तर्राष्ट्रिय लगानी तथा प्रवर्द्धन समितिमा रहेर काम गरेका थिए। विभिन्न सामाजिक संस्थाहरू चाइल्डरिच नेपालका पूर्व बोर्ड अध्यक्षका साथै अन्तर्राष्ट्रिय व्यापारिक संस्था वाइपिओको निर्वतमान अध्यक्ष तथा बोर्ड सदस्य लगायत संस्थाहरूमा आबद्ध रहेर पनि उनले काम गरेका छन्।